म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४७ शुक्रबार २९ भदौ २०८० ने. सं. ११४३ गुँलागा 15 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित दुई जना पक्राउ

हेटौंडा, २८ भदौ/मकवानपुर प्रहरीले लागूऔषधसहित बुधवार राति दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले लागूऔषध ब्राउनसुगर १२ ग्राम ७ सय ४० मिलिग्रामसहित हेटौंडा उपमहानगरपालिका-१० भुटनदेवी मोडबाट दुई जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा हेटौंडा-५ पिप्ले बस्ने ३१ वर्षीय दीपेन्द्र सुनार र बागमती गाउँपालिका-६ फापरबारी बस्ने २१ वर्षीया रुपा विश्वकर्मा रहेका छन् । उनीहरुलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । प्रहरीले दीपेन्द्रको साथबाट १२ ग्राम ३ सय ४० मिलिग्राम र रुपाको साथबाट ४ सय मिलिग्राम ब्राउनसुगर बरामद भएपछि उनीहरुलाई पक्राउ गरिएको जनाएको छ । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

हेटौंडामा चिकित्सक कुटपिट प्रकरण

# देशभरका अस्पतालको सेवा ठप्प पार्ने चेतावनी, कारबाही गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

### डा. थापा परिवारसहित काठमाडौं पुगे, मृतक परिवारका चारजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/हेटौंडा उपमहानगरपालिका-१, स्थित सञ्चो हस्पिटल प्रालिका दुई प्रमुख डाक्टर माथि भएको कुटपिट प्रकरण उत्कर्षमा पुगेको छ ।

सञ्चो हस्पिटलका प्रमुख जनरल फिजिसियन डाक्टर विकास थापा र अर्का डाक्टर प्रशान्त विडारीमाथि डेंगूबाट चितवनमा मृत्यु भएका हेटौंडा उपमहानगर पालिका-१२, स्थित पदमपोखरीका ४२ वर्षीय राजेश प्रधानको परिवार र उनका आफन्तले हस्पिटलमै आएर बुधवार दिउँसो कुटपिट गरेका थिए । प्रधानको मृत्यु भने २५ साउनमा चितवनस्थित एक मेडिकल कलेजमा भएको थियो । डेंगू लागेका प्रधान पहिला सञ्चो हस्पिटलमा उपचार गर्न आएको र सञ्चोका चिकित्सकले उपचारपछि डिस्चार्ज गरेका थिए । घर पुगेपछि पुन: अस्वस्थ भएपछि प्रधान उपचार गर्न चितवन पुगेको र उनको २५ साउनमा मृत्यु भएको थियो ।

एक महिना अगाडिको घटनामा मृतक प्रधानको उपचारमा सञ्चोका डाक्टरहरुले लापरबाही गरेको भन्दै बुधवार डाक्टरहरु थापा र विडारीमाथि निर्घात कुटपिट भएको थियो । कुटपिट घटनापछि देशभरका चिकित्सकहरुको साझा संस्था नेपाल चिकित्सक संघले सरकारलाई दोषिमाथि कानुनी कारबाही गर्न ७२ घण्टे अल्टिमेटम दिएको छ । हेटौंडामा चिकित्सक कुटिएको घटनाबारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पनि जानकारी गराइएको र प्रचण्डले दोषिमाथि कारबाही गर्ने प्रतिबद्धता जनाएको संघले जनाएको छ ।

चिकित्सक संघले बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ज्ञापनपत्र बुझाउँदै सन्चो अस्पतालमा डाक्टरमाथि आक्रमण गर्नेलाई ७२ घण्टाभित्र कारबाहीको दायरामा ल्याउन अल्टिमेटम दिएको हो । ७२ घण्टाभित्र डाक्टर कुट्नेमाथि कारबाही प्रक्रिया अघि नबढे देशभरका सबै अस्पतालमा आकस्मिक बाहेकका सेवा ठप्प पार्ने संघको चेतावनी छ । '७२ घण्टाभित्र यो घटनामा सलग्न दोषीलाई कानूनी कारबाही नगरिएको अवस्थामा संघले देशभर आकस्मिक सेवा बाहेकका अन्य सम्पूर्ण सेवा बन्द गरेर आफ्नै ज्यानको सुरक्षामा खटिन बाध्य हुनेछौं' ज्ञापनपत्रमा भनिएको छ, 'यसबाट उत्पन्न हुने जुनसुकै परिस्थितिको जिम्मेवार नेपाल सरकार स्वयम् हुनेछ ।',

संघले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी संशोधन ऐन, २०७९ बमोजिम चिकित्सकमाथि कुटपिट गर्नेहरुलाई कानुनी कारवाही गर्न माग गरेको हो । नेपाल चिकित्सक संघको मागप्रति नेपाल सरकारी चिकित्सक संघले पनि ऐक्यबद्धता जनाएको छ । सरकारी चिकित्सक संघले पनि आज विज्ञप्ती जारी गर्दै डा. थापा र बिडारीमाथि कुटपिट गर्नेलाई कानूनी दायरामा ल्याउन माग गरेको हो ।

जिल्लास्थित सबै राजनीतिक दल, औषधि व्यवसायी संघ, मकवानपुर उद्योग वाणिज्य संघ र हेटौंडामा कार्यरत सबै चिकित्सकहरुले कारबाही गर्नुपर्ने र कारबाही नगरे चिकित्सकहरुले




सामूहिक राजीनामा दिने चेतावनी दिएका छन् ।

मृतक प्रधानका आफन्तले सञ्चो अस्पतालले राम्रोसँग उपचार नगरेको आरोप लगाउँदै क्षतिपूर्तिको माग गर्दै डाक्टर माथि कुटपिट गरेको बुझिएको छ । कुटपिटमा संलग्नको आरोपमा प्रहरीले हेटौंडामा बिहीबार चारजनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले कुटपिटमा संलग्न मृतककी श्रीमती रमा प्रधान, छोरी रमिता प्रधान, छोरा रोहित प्रधान र भतिजा अनुप प्रधानलाई प्रहरीले पक्राउ गरेको हो । घटनामा संलग्न अन्यको खोजी भइरहेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

प्रहरीले भने बुधवार नै कुटपिटमा संलग्न र पीडित चिकित्सक राखेर घटना मिलाउन खोजेको थियो । बिहीवार नेपाल मेडिकल एसोसिएसनद्वारा उजुरी दर्ता गराइएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । उजुरीमा दुई जनामाथि किटानी रहेको र अन्यको हकमा लगायत भनेर कारबाहीको माग गरिएको छ ।

त्यसै गरी मकवानपुर उद्योग वाणिज्य संघले विज्ञाप्ति जारी गर्दै मकवानपुर जिल्लाको स्वास्थ्य सेवा सुधार, विस्तार र लगानीको गतिलाई दीर्घकालीन असर पुयाउने यस्ता अपराधिक र चेतना शुन्य घटनाको घोर भत्सर्ना गरेको छ । जिल्ला प्रहरी कार्यालय/जिल्ला प्रशासन कार्यालय मकवानपुर समक्ष घटनाको निष्पक्ष छानविन गरी दोषिमाथि अधिकतम सजायको माग गर्दै जिल्लामा कार्यरत सम्पुर्ण राजनैतिक दलहरु, नागरिक समाज, उद्योगी/व्यवसायी, संघ संस्था एवं पेशाकर्मीहरुलाई पनि उक्त घट्नाको निन्दा गर्दै पिडितप्रति एक्यवद्धता प्रकट गर्न अनुरोध गरेका छन् ।

**कारबाही गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चिकित्सकमाथि आक्रमण गर्नेलाई कारबाही गरिने जानकारी दिएका छन् । नेपाल चिकित्सक संघको ज्ञापनपत्र बुझ्दै प्रचण्डले चिकित्सकमाथि आक्रमण गर्नेलाई कानुन बमोजिम कारबाही गर्ने प्रतिबद्धता जनाएका संघका उपाध्यक्ष डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

प्रधानमन्त्री प्रचण्डले सार्वजनिकस्थलमा काम गरिरहेका स्वास्थ्यकर्मीमाथि हातपात गर्नेलाई जो कोहीलाई उन्मुक्ति नदिने बताउनुभएको उनले बताए । यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले चिकित्सक माथिको कुटपिट अराजकताको पराकाष्ठा भएको बताएका छन् । बिहीबार सामाजिक सञ्जाल ट्वीटरमा उनले चिकित्सकमाथि कुटपिट गर्नेलाई कारबाही गर्न माग गरे ।

लापरबाही र जटिलता आमजीवनले सजिलै छुट्याउन सकिने कुरा नभएको भन्दै उनले कुनै पनि बहानामा हुने यस्ता क्रियाकलापप्रति खेद प्रकट गरे । लामिछानेले डाक्टरमाथिको कुटपिटको घटनाबारे गृहमन्त्रीको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

**डा. थापा परिवारसहित काठमाडौं पुगे**

सामूहिक कुटपिटको सिकार भएका डा. विकास थापाले कार्यस्थल हेटौंडा छोडेका छन् । उनी परिवारसहित काठमाडौं पुगेको जनाइएको छ ।

हेटौंडाका चर्चित जनरल फिजिसियन डाक्टर थापाले अब हेटौंडा आउने वा नआउने बारे परिवारसँग सल्लाह गरेर मात्रै निर्णय लिने बताएका छन् । डा. थापा बिहीवार बिहान ८ बजे परिवारसहित काठमाडौं गएको हस्पिटल स्रोतले जानकारी दिएको छ । कुटपिटबाट डाक्टर थापाको गाला र अनुहार सुन्निएको छ । अर्का डाक्टर प्रशान्त विडारीको आँखा र अनुहारमा चोट लागेको छ । थापाले थप उपचारका लागि भन्दै हेटौंडा अस्पतालबाट रेफर लिएर काठमाडौं गएका हुन् । गण्डकी प्रदेशको कास्की घर भएका डा. थापा विगत १० वर्षदेखि हेटौंडामा कार्यरत थिए ।

# नेम्बाङको राजकीय सम्मानका साथ अन्त्येष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ संविधानसभा अध्यक्ष एवम् नेकपा एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको मृत्यु भएको दुई दिनपछि अन्त्येष्टि गरिएको छ ।

उनको बिहीवार दिउँसो पशुपति आर्यघाटमा राजकीय सम्मानका साथ लिम्बू परम्परा अनुसार अन्तिम संस्कार गरिएको हो । नेम्वाङको पार्थिव शरीरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालको राष्ट्रिय झण्डा र नेकपा एमालेका अध्यक्ष केपी शर्माओलीले पार्टीको झण्डा ओढाएर बिदाइ गरे ।

यसअघि नेम्वाङको निवास बालुवाटारबाट नेपाली सेनाले सलामीसहित शोकधुन बजाउँदै शवयात्रा गरेको थियो । शवयात्रा शिक्षण अस्पताल, महाराजगञ्ज, धुम्बाराही, चाबहिल हुँदै पशुपति आर्यघाट पुगेको थियो ।

पशुपति आर्यघाटमा छोराहरु मिङ्सो नेम्वाङ र सुहाङ नेम्वाङले दागबत्ती दिएका थिए । नेपाली सेनाको एक टुकडीले तोपसहित सलामी अर्पण गरेको थियो । नेम्वाङको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जली दिन कांग्रेस सभापति शेरबहादुर देउवा, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीलगायत दलका नेता तथा कार्यकर्ता आर्यघाट पुगेका थिए ।

इलाम क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका नेम्वाङको मंगलबार बिहान ३ बजे महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालले मृत्यु भएको घोषणा गरेको थियो ।

घरमै बेहोस भएका नेम्वाङलाई राति १ बजेर ५० मिनेट जाँदा अस्पताल पुऱ्याइएको थियो । तर, चिकित्सकले बिहान ३ बजे नेम्वाङलाई मृत घोषणा गरेका थिए । यसअघि मंगलबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले नेम्वाङको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्ने र अन्त्येष्टिका दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

**दुवै सदनबाट शोकप्रस्ताव पारित**

राष्ट्रियसभा र प्रतिनिधिसभाको बिहीवारको बैठकले संविधानसभाका अध्यक्ष, पूर्वसभामुख तथा वर्तमान प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ ।

विसं २००९ फागुन २८ गते जन्मिएका नेम्वाङको ७१ वर्षको उमेरमा मंगलबार निधन भएको थियो । नेम्वाङ नेकपा (एमाले) को तर्फबाट २०४८ साल र २०५२ सालमा राष्ट्रियसभा सदस्य, २०५६ सालमा प्रतिनिधिसभा सदस्य, २०६३ सालमा पुन:स्थापित प्रतिनिधिसभा सदस्य र व्यवस्थापिका संसद् सदस्य, २०७२ मा रुपान्तरित व्यवस्थापिका संसद् सदस्य, २०७४ र २०७९ मा प्रतिनिधिसभा सदस्य थिए । उनी विसं २०६३ मा पुन:स्थापित प्रतिनिधिसभाको सभामुख, २०६३ सालमै व्यवस्थापिका संसद्को सभामुख तथा २०६५ साल र २०७० सालको संविधानसभाको अध्यक्ष थिए ।

यसैगरी, २०५६ मा प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समिति सभापति भएका नेम्वाङ कानुन, न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन मन्त्रीसमेत भएका थिए ।

संविधानसभामार्फत् नेपालको संविधान निर्माणमा उनको अग्रणी भूमिका रहेको थियो । राष्ट्रियसभाको अर्को बैठक आगामी असोज १२ गते शुक्रबार दिउँसो १ बजे बस्नेछ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"
100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever
BBS Bachelor of Business Studies
ADMISSION ONGOING
Class starts from ASOJ 15
01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform
Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080
Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np
ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# चिकित्सकमाथि आक्रमण निन्दनीय

हेटौंडा-१, स्थित सञ्चो हस्पिटल प्रालिका चिकित्सकमाथि निन्दनीय आक्रमण भएको बिषयमा हेटौंडाको स्वास्थ्य क्षेत्र चिन्तित बनेको छ । एक महिना अघि चितवनमा मृत्यु भएको एक बिरामीको पक्षमा आएको समूहले अस्पतालभित्रै रहेका डाक्टरमाथि कुटपिट गरेका हुन् । डाक्टरको लापरबाहीका कारण बिरामीको मृत्यु भएको आरोप लगाउँदै चिकित्सकमाथि कुटपिट भएको हो । सिसिटिभी फुजेटअनुसार एक महिलाले चिकित्सकलाई कुटपिट गर्न सुरु गर्छिन् । समूहमै रहेका एक पुरुषले अर्का चिकित्सकलाई पनि लछार्दै कुटपिट गरेको देखिन्छ । सञ्चो अस्पतालमा बिरामी हेरिरहेका चिकित्सकमाथि अभद्र, अमर्यादित हर्कत भएको देखिन्छ । हेटौंडा अस्पतालमा कार्यरत एनेस्थेसिया विभागका डा. प्रशान्त विडारी र सञ्चो अस्पतालमा कार्यरत डा. विकास थापामाथि केही युवाले हातपात गरेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । प्रहरीका अनुसार गत २५ साउन डेंगुबाट मृत्य भएका हेटौंडा-१२ का राजेश प्रधानका आफन्तले चिकित्सकमाथि कुटपिट गरेका हुन् । कुटपिटबाट डा. विडारीको आँखा र अनुहारमा चोट लागेको छ । डा. थापाको गाला र अनुहार सुनिएको छ ।

एक महिनाअघि डेंगुका कारण मृत्यु भएका प्रधानको उपचारमा चिकित्सकले लापरबाही गरेको मृतकका आफन्तको आरोप छ । उपचारमा लापरबाही गरेको भन्दै एक महिनापछि मृतकका आफन्तले चिकित्सकमाथि कुटपिट गरेका हुन् । प्रधानको चितवनको नयाँ मेडिकल कलेजमा उपचारका क्रममा २५ साउनमा मृत्यु भएको थियो । त्यसअघि प्रधानलाई उपचारका लागि सन्चो अस्पतालमा भर्ना गरिएको थियो । सञ्चोमा उपचार हुन नसक्ने भन्दै प्रधानलाई चितवन लगिएको थियो । प्रधानलाई दोस्रोपटक डेंगु संक्रमण पुष्टि भएको थियो भने उनलाई मधुमेह र उच्चर क्तचापको समस्या पनि रहेको थियो । सोही घटनालाई लिएर प्रधानका आफन्तले चिकित्सकद्वयमाथि कुटपिट गरेका थिए । घटनापश्चात प्रहरीले दुवैपक्षलाई राखी छलफल गराएको थियो । तर, छलफलमा पनि चिकित्सकमाथि अपशब्द प्रयोग भएको र प्रहरीकै अगाडि चिकित्सकलाई अमर्यादित ब्यवहार भएको बताइएको छ । डा. थापा र डा. बिडारीले बिहीबार नै हेटौंडा छोडेर काठमाडौं गएका छन् । उनीहरु पुन हेटौंडा फर्केर काम गर्ने मनस्थितिमा नभएको बुझिएको छ । नेपाल स्वास्थ्यकर्मी संघले यो घटनाको निन्दा गर्दै बिज्ञप्ती जारी गरेको छ । संघका जिल्ला उपाध्यक्ष सुधीर दाहालले बुधबार अपरान्ह जारी गरेको बिज्ञप्तीमा चिकित्सकमाथि उत्छृङ्खल जमातले गरेको सांघातिक आक्रमणको संघ घोर भत्सर्ना गर्दछ भनिएको छ । यस किसिमको गतिबिधिले स्वास्थ्य क्षेत्रमा गंभीर असर पुऱ्याउने भएकोले स्वास्थ्य क्षेत्रको संबेदनशीलतालाई मध्यनजर गर्दै दोषीमामाथि हदैसम्मको कारबाही गर्न बिज्ञप्तीमा माग गरिएको छ । यसैगरी नेपाल औषधि ब्यवसायी संघ मकवानपुरले पनि यो घटनाको घोर आपत्ती जनाउँदै बुधबार नै बिज्ञप्ती जारी गरेको छ । संघका उपाध्यक्ष संघर्ष गुरुङले जारी गरेको बिज्ञप्तीमा स्वास्थ्यकर्मी तथा औषधि ब्यवसायीको सुरक्षाको ग्यारेन्टी नभएको खण्डमा आन्दोलनमा उत्रने चेतावनी दिइएको छ ।

अस्पताल जस्तो सम्बेदनशील क्षेत्रमा बिरामीको उपचार गरिरहेका चिकित्सकमाथि भएको सांघातिक आक्रमणले मकवानपुरको स्वास्थ्य क्षेत्रमा गंभीर असर पुगेको बिज्ञप्तीमा उल्लेख गरिएको छ । अस्पताल वा चिकित्सकले उपचारका क्रममा लापरबाही गरेको आरोप पुष्टि हुने अवस्था भएमा कानूनी उपचारको बाटो हुँदाहुँदै भौतिक आक्रमणमा उत्रनु गलत हो । यो बिषयमा स्वास्थ्यकर्मीको आन्दोलन देशब्यापी पनि बन्न सक्छ । बिहीबार नै स्वास्थ्यकर्मीले प्रधानमन्त्री प्रचण्डलाई भेटेर चिकित्सकमाथि भौतिक आक्रमण गर्ने ब्यक्तिलाई कानूनी कारबाहीको दायरामा नल्याएको खण्डमा देशब्यापी आन्दोलनमा उत्रने चेतावनी दिइसकेका छन् । प्रम प्रचण्डले चिकित्सकमाथि भौतिक आक्रमण गर्नेहरुलाई कानूनी कारबाही गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । प्रहरीले चार जनालाई पक्राउ गरेको जनाएको छ । मानबीय क्षतिमा पीडा अवश्य हुन्छ तर, चिकित्सकमाथिको भौतिक आक्रमणले पीडितको पीडा कम हुने होइन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ ३० गते शनिबार १६ सेप्टेम्बर २०२३ । प्रतिपदा, भाद्र शुक्लपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४९, सूर्यास्त ६:६ । गुँला धर्म समाप्ति ।चन्द्रोदय:

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायमा सफलता | **तुला** | : शत्रु नाश |
| **वृष** | : मान हानीले खिन्नता | **वृश्चिक** | : परिवारमा कलह |
| **मिथुन** | : धर्मकार्यमा खर्च | **धनु** | : रोग नाश |
| **कर्कट** | : न्यायिक कार्यमा सफलता | **मकर** | : अशुभ समाचार सुन्नुपर्ने |
| **सिंह** | : मान्यजनबाट विवाद | **कुम्भ** | : साझेदारी कार्यमा विवाद |
| **कन्या** | : अहमपनले कार्यमा हानी | **मीन** | : दैनिक आयमा कमी |

# पाँच दशकका प्रमुख कर सुधारहरू



✍ डा. रूप खड्का

राज्य संचालन गर्न आवश्यक वित्तीय साधनको जोहो गर्न आय, सम्पत्ति, वस्तु तथा सेवामा विभिन्न किसिमका कर लगाइन्छन् । कर प्रणालीलाई समयसापेक्ष बनाउन समय-समयमा सुधार गरिन्छ । यस सन्दर्भमा विद्यमान कर प्रणालीको सूक्ष्म विश्लेषण गरेर समस्या पहिल्याई निराकरणका उपाय खोजिन्छन् ।

कर प्रणालीलाई सरल, सहज, सक्षम, समान, स्पष्ट, निश्चित, अनुमानयोग्य, दिगो, मितव्ययी, लचक तथा राजस्व उत्पादक बनाउन सरोकारवालालाई समेत संलग्न गरेर करको उपयुक्त स्वरूप, संरचना तथा संचालन प्रक्रिया तर्जुमा गरिन्छ । त्यसलाई कसरी र कहिले कार्यान्वयन गर्ने भनेर रोडम्याप तयार गरिन्छ र सुधारिएको कर प्रणालीलाई सही र प्रभावकारी रूपमा लागू गर्न कर प्रशासनको पनि सुधार गरिन्छ । यहाँ सन् १९७० को दशकदेखि विश्वमा लागू गरिएका प्रमुख कर सुधारमाथि संक्षेपमा प्रकाश पारिएको छ ।

### कर सुधारको उद्देश्य

विभिन्न देशमा लागू गरिएका धेरैजसो कर सुधारको महत्वपूर्ण उद्देश्य राजस्व संकलन बढाउनु हो । कतिपय कर सुधारहरू राजस्व तटस्थ (रेभिन्यू न्युट्रल) हुने किसिमले पनि लागू गरिएका देखिन्छन् । त्यस्तो अवस्थामा कर सुधारबाट थप राजस्व परिचालन गर्नेभन्दा पनि कर प्रणालीको स्वरुप, संरचना तथा संचालन प्रक्रियालाई सुधार गरेर करबाट सिर्जना हुने नकारात्मक असरहरूको न्यूनीकरण गर्ने प्रयास गरिन्छ ।

सिंगापुरले सन् १९९४ मा मूल्य अभिवृद्धि कर लगाउने सन्दर्भमा व्यापक कर सुधार प्याकेज लागू गरेको थियो । त्यसबाट तत्काल थप राजस्व परिचालन गर्ने भन्दा पनि मूल्य अभिवृद्धि करप्रति सिंगापुरका जनतालाई अभ्यस्त बनाएर भविष्यमा आवश्यक भएको बेला थप राजस्व परिचालन गर्ने लक्ष्य राखिएको थियो ।

कर सुधार गरेर कर प्रणालीलाई आर्थिक वृद्धिउन्मुख बनाउने प्रयास पनि गरिन्छ । यसका लागि आयमा आधारित करभन्दा उपभोगमा आधारित र आवासीय सम्पत्तिमा वर्षेनि लगाइने करहरूबाट बढी राजस्व परिचालन गर्नुपर्ने कुरामा जोड दिइन्छ । करका दरको संख्या तथा तह कम गर्ने र करको आधार विस्तार गर्ने नीति अपनाइन्छ ।

कर सुधारको सन्दर्भमा करबाट समाजमा आयको असमान वितरण घटाउने प्रयास पनि गरिन्छ र त्यसका लागि खासगरी व्यक्तिगत आयकरलाई प्रयोग गरिन्छ । यसैगरी, हालैका वर्षहरूमा हरित विकास रणनीतिअन्तर्गत वातावरणमा प्रतिकूल असर पार्ने गतिविधिलाई निरुत्साहित गर्ने खालका करमाथि जोड दिइन्छ ।

### मूल्य अभिवृद्धि कर

विगत पाँच दशकमा विश्वमा लागू गरिएको सबभन्दा महत्वपूर्ण कर सुधारका रूपमा मूल्य अभिवृद्धि करको कार्यान्वयनलाई लिइन्छ । यस करको करकट्टी तथा कर फिर्ता व्यवस्थाले गर्दा लगानी र निकासी करको भारबाट पूर्ण रूपमा मुक्त हुने भएकाले यो कर आर्थिक दृष्टिकोणले सक्षम हुन्छ र यसले अर्थतन्त्रमा विकृति तथा विसंगति सिर्जना गर्दैन ।

यसले गर्दा सन् १९६० को दशकमा युरोपमा आर्थिक समुदायको अवधारणा लागू गरिएपछि यस करलाई यूरोपको साझा करको रूपमा विकास गरिएको थियो । सन् १९७० को दशकदेखि विश्वका विभिन्न मुलुकले यस करलाई अन्य प्रकारका बिक्री करका साथै वस्तु तथा सेवामा आधारित विभिन्न करको सट्टा लागू गरे । यसरी यो कर राजस्वको मूल स्रोतको रूपमा विकसित भएको थियो ।

उदाहरणका लागि भारतमा विभिन्न १७ वटा कर र २३ वटा सेसहरूको सट्टा सन् २०१७ मा एउटै मूल्य अभिवृद्धि कर लागू गरिएको थियो र यसलाई भारत सन् १९४७ मा स्वतन्त्र भएपछिको सबभन्दा ठूलो आर्थिक सुधार कार्यक्रमका रूपमा लिइएको थियो ।

नेपालले सन् १९९७ मा बिक्रीकर, होटल कर, ठेक्का कर र मनोरञ्जन करको सट्टा मूल्य अभिवृद्धि कर लागू गरेको थियो । यस करबाट हाल कुल कर राजस्वको एकतिहाइ हिस्सा प्राप्त भई राजस्वको सबभन्दा ठूलो स्रोतको रूपमा स्थापित भएको छ । आर्थिक वर्ष २०८०/८१ मा मूल्य अभिवृद्धि करको आधार विस्तार लगायतका विभिन्न सुधार गरिएका छन् । यस अभियानलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिइनुपर्दछ ।

### भन्सार महसुल

मूल्य अभिवृद्धि कर, आयकर जस्ता अन्य करको तुलनामा भन्सार महसुल सीमित भन्सार कार्यालयबाट सहज रूपमा संकलन गर्न सकिने हुँदा परम्परागत रूपमा यो कर विभिन्न मुलुकको राजस्वको मूल स्रोतको रूपमा रहेको थियो । तर, वितरण प्रक्रियाको प्रारम्भमै संकलन गरिने भन्सार महसुल समेतको खरीद मूल्यमा व्यापारीले विभिन्न तहका मुनाफा प्रतिशत लगाउँछन् ।

त्यसो हुँदा भन्सार स्वरूप सरकारले प्राप्त गर्ने राजस्वभन्दा भन्सारका कारणले उपभोक्ता मूल्यमा हुने वृद्धि बढी भई उपभोक्ताले अनावश्यक रूपमा बढी भार व्यहोर्नुपर्दछ । यसैगरी भन्सार महसुल विभिन्न उद्योगको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रासायनिक पदार्थ, प्याकेजिङ सामग्री आदिमा लागेका कारणले तिनीहरूको उत्पादन लागत बढ्छ, र अर्थतन्त्रको लागत पनि बढ्छ । यसका अतिरिक्त भन्सार महसुलले पैठारीकर्तालाई चोरी पैठारी गर्न, न्यून वा अधिक बिजकीकरण गर्न र वस्तुको गलत वर्गीकरण गर्न उत्साहित गर्दछ ।

भन्सार महसुलबाट अर्थतन्त्रमा सिर्जना हुने लागत घटाउन खासगरी सन् १९८० को दशकदेखि विभिन्न मुलुकले भन्सार महसुलमाथिको राजस्वको निर्भरता क्रमश: घटाउँदै जाने नीति अपनाएका थिए । यूरोपेली आर्थिक समुदाय, पूर्वी अफ्रिकन समुदाय, पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदाय आदि क्षेत्रमा कष्टम्स युनियन गठन भई ती समुदायका देशहरूबीच हुने व्यापारमा आन्तरिक भन्सार महसुल (इन्टरनल ट्यारिफ) खारेज गरिएको छ । ती समुदायका सदस्यहरूले अन्य देशहरूसँग गर्ने व्यापारमा समुदायका सबै सदस्यहरूले एउटै किसिमको न्यून तहको साझा बाह्य भन्सार महसुल (कमन एक्टरनल ट्यारिफ) लागू गर्ने र साझा भन्सार कानुन अपनाउने व्यवस्था छ ।

उदाहरणका लागि पूर्वी अफ्रिकी समुदायका ६ सदस्य देशहरूले ०, १०, २५ र ३५ प्रतिशत र पश्चिम अफ्रिकी राज्यको आर्थिक समुदायका १५ सदस्य देशहरूले ०, ५, १०, २० र ३५ प्रतिशतको बाह्य भन्सार महसुल लगाउने गरेका छन् । यसैगरी विश्वका विभिन्न मुलुकले भन्सार महसुलका दरको संख्या तथा तहमा भारी कटौती गरेर भन्सार महसुलमाथिको राजस्वको निर्भरतालाई उल्लेखनीय रूपमा घटाएका छन् ।

नेपालले पनि सन् १९९० को दशकमा लागू गरेको कर सुधारको क्रममा भन्सार महसुलका दरको संख्या तथा तहमा भारी कटौती गरेको थियो र भन्सार कानुनलाई आधुनिकीकरण गरेर अन्तर्राष्ट्रियस्तरको बनाएको थियो ।

### अन्त:शुल्क

अन्तर्राष्ट्रिय जगतमा अन्त:शुल्क व्यवस्थामा गरिएका सुधार अनुरूप यस करलाई सूर्तीजन्य वस्तुहरू, मादक पदार्थ, पेट्रोलियम पदार्थ, सवारी साधन तथा हल्का पेय पदार्थ जस्ता सीमित वस्तुमा आन्तरिक उत्पादन तथा पैठारी दुवैमा लगाइन्छ । सन् १९८० को दशकदेखि स्वास्थ्यका लागि हानिकारक वस्तुहरू, उपभोक्ता बाहेकका व्यक्तिहरूमा समेत प्रतिकूल असर पार्ने (नेगेटिभ इक्टरनालिटी सिर्जना गर्ने), वातावरण बिगार्ने तथा सामाजिक लागत बढाउने वस्तुहरूमा अन्त:शुल्क परिमाणगत दरले र सवारी साधन लगायतका विलासी प्रकृतिका वस्तुमा मूल्यगत दरले लगाउने गरिन्छ ।

परम्परागत रूपमा अन्त:शुल्क प्रशासन भौतिक नियन्त्रणमा आधारित हुन्थ्यो । यसअन्तर्गत अन्त:शुल्क अधिकारीको स्वीकृति लिएर र कर तिरेर मात्र अन्त:शुल्क लाग्ने वस्तु कारखानाबाट निष्काशन गर्न पाइन्थ्यो । तर आधुनिक स्वयं निष्काशन प्रणाली अन्तर्गत कारखानाधनीले स्वयंले अन्त:शुल्क लाग्ने वस्तु काराखानाबाट निष्काशन गर्ने, ग्राहकबाट अन्त:शुल्क असुल गर्ने र त्यसरी महिनाभर असुल गरेको अन्त:शुल्कको विवरण तयार गरेर अर्को महिनाको तोकिएको समयभित्र कर कार्यालयमा पेश गर्नुपर्दछ र कर तिर्नुपर्दछ । हाल अन्त:शुल्क राजस्व चुहावटको नियन्त्रण कागजी, विद्युतीय वा तरल स्टिकरको माध्यमले गरिन्छ । यस सन्दर्भमा विश्वका विभिन्न मुलुकले ट्र्याक एण्ड ट्रेस व्यवस्था लागू गरेका छन् ।

नेपालले लागू गरेको प्रथम पुस्ताको कर सुधार अन्तर्गत अन्त:शुल्क व्यवस्थामा विभिन्न सुधार गरेको थियो । उदाहरणका लागि अन्त:शुल्क ऐन २०५८ लागू गरिएपछि यो कर आन्तरिक उत्पादनका साथै पैठारी गरिने वस्तुमा पनि लगाउने व्यवस्था गरिएको थियो । अन्त:शुल्क एक दर्जनभन्दा कम वस्तुमा मात्र लाग्ने व्यवस्था गरिएको थियो र यस करलाई मादक पदार्थ, सूर्तीजन्य वस्तु तथा हल्का पेय पदार्थ जस्ता वस्तुहरूमा परिमाणगत दरले र सवारी साधन लगायत विलासी प्रकृतिका वस्तुहरूमा मूल्यगत दरले लगाउने व्यवस्था गरिएको थियो । अर्कोतर्फ नेपाल विश्व व्यापार संगठनको सदस्य भएपछि भन्सार महसुलका दर समायोजन गर्ने सन्दर्भमा अन्त:शुल्क लाग्ने वस्तुहरूको संख्यामा उल्लेखनीय वृद्धि गरिएको थियो । चालु आर्थिक वर्षमा अन्त:शुल्कको सिद्धान्त तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार अन्त:शुल्क लगाउन नहुने धेरै वस्तुमा लागेको अन्त:शुल्क खारेज गरिएको छ । यस सुधार कार्यलाई आगामी वर्षहरूमा पनि अगाडि बढाउँदै जानुपर्दछ ।

### व्यक्तिगत आय कर

राजस्व संकलनका साथै समाजमा आयको असमान वितरण कम गर्ने उद्देश्यले लागू गरिने व्यक्तिगत आयकरलाई सन् १९७० को दशकको अन्त्यसम्म उच्च तहमा र धेरै दरले लगाउने सामान्य प्रचलन थियो । उदाहरणका लागि दोस्रो विश्व युद्धताका संयुक्त राज्य अमेरिकामा २३ प्रतिशतदेखि ९४ प्रतिशतसम्म आयकर लगाइन्थ्यो, जुन निकै वटा दरमा विभाजित थियो । सन् १९७० मा भारतमा १० देखि ८५ प्रतिशतसम्मका ११ दर कायम गरिएका थिए । नेपालमा व्यक्तिगत आयकरका दरको संख्या सबभन्दा धेरै (१२ वटा दर) आर्थिक वर्ष २०२१/२२ मा र करको अधिकतम सीमान्त दर आर्थिक वर्ष २०३२/३३ मा ६० प्रतिशत पुगेको थियो ।

व्यक्तिगत आयकरका उच्च दरले बढी काम गर्ने, बचत गर्ने तथा लगानी गर्ने प्रवृत्तिलाई हतोत्साहित गरेकाले कर प्रणाली आर्थिक दृष्टिकोणले अक्षम भएको थियो । यसका साथै संख्या धेरै र तह उच्च भएको व्यक्तिगत आयकरले करदातालाई कर छल्न प्रेरित गर्ने, कर झञ्झटिलो हुने र कर परिपालन तथा कर संकलन खर्च बढी भई आयकर प्रशासनिक दृष्टिकोणले पनि अक्षम भएको थियो । अर्कोतर्फ उच्च तहका करका दरले विभिन्न प्रकारका आयलाई कर छुट दिनुपर्ने दबाब बढेकोले करको आधार साँघुरिएको थियो र साँघुरो आधारमा झनै बढी दरले कर लगाउन आवश्यक भएको थियो ।

उक्त परिप्रेक्ष्यमा सन् १९८० को दशकदेखि एकातिर व्यक्तिगत आयकर अन्तर्गत दिइएका विभिन्न कर छुटहरूलाई कटौती गरेर सबै प्रकारको आयमा कर लगाई करको दायरा विस्तार गर्ने र अर्कोतर्फ करका दरको संख्या तथा तह कटौती गर्ने प्रचलन सुरु भएको थियो । उदाहरणका लागि संयुक्त राज्य अमेरिकाले सन् १९८० को दशकमा लागू गरेको कर सुधार अन्तर्गत व्यक्तिगत आयकरमा दिइएका विभिन्न प्रकारका छुट खारेज गरियो । सबै प्रकारको आयलाई करको दायराभित्र ल्याइयो । त्यस्तै, दरको तह घटाउनका साथै अधिकतम सीमान्त दरलाई ७० प्रतिशतबाट घटाएर २८ प्रतिशत कायम गरिएको थियो । त्यसपछि व्यक्तिगत आयकरको आधार विस्तार गर्ने र दरको संख्या तथा तह कटौती गर्ने प्रचलन विश्वभर फैलिएको थियो ।

नेपालमा पनि सन् १९९० को दशकमा लागू गरिएको प्रथम पुस्ताको कर सुधारको क्रममा व्यक्तिगत आयकरको दरलाई घटाएर १५ प्रतिशत र २५ प्रतिशत कायम गरिएको थियो । आयकर ऐन २०५८ लागू गरिएपछि आयकर व्यवस्थामा विश्वमा लागू गरिएका नवीनतम प्रयोगहरू अंगीकार गरिएका थिए । यो कर एकातिर राजस्व संकलनका अतिरिक्त समाजमा आयको असमान वितरण कम गर्ने सशक्त हतियार भएको र अर्कोतर्फ यसको भार छिमेकी तथा प्रतिस्पर्धी मुलुकहरूको तुलनामा बढी भएमा यसबाट आर्थिक विकासमा प्रतिकूल असर पर्न सक्ने भएकोले यस करलाई समसामयिक बनाइँदै जानुपर्दछ ।

### संस्थागत आयकर

सन् १९७० को दशकसम्म व्यक्तिगत आयकर झैं संस्थागत आयकरका उच्च दर कायम गरिनुका साथै यस कर अन्तर्गत विभिन्न प्रकारका कर छुट तथा सुविधा दिने व्यापक प्रचलन थियो । त्यसले गर्दा संस्थागत आयकर आर्थिक दृष्टिकोणले अक्षम र प्रशासनिक हिसाबले जटिल भएको थियो । सन् १९८० दशकदेखि संस्थागत आयकर अन्तर्गत दिइएका विभिन्न किसिमका छुट तथा सुविधा खारेज गरेर करको आधार विस्तार गर्ने र करको न्यून तहको दर लागू गर्ने नीति अपनाइएको थियो ।

यस सन्दर्भमा संयुक्त राज्य अमेरिकाले सन् १९८६ मा सबै किसिमको आयलाई करको दायरामा ल्याएर आधार विस्तार गरेको र करको दरलाई ५० प्रतिशतबाट ३५ प्रतिशतमा झारेको थियो । त्यसपछि संस्थागत आयकरको आधार विस्तार गर्ने र दर घटाउने प्रचलन विश्वभर फैलियो । त्यसको परिणामस्वरूप विश्वका विभिन्न देशमा संस्थागत आयकर विस्तृत आधारमा सामान्यतया २० प्रतिशतको हाराहारीमा लगाइएको छ । हाल अन्तर्राष्ट्रियस्तरमा बहुराष्ट्रिय कम्पनीहरूको मुनाफामा १५ प्रतिशतको न्यूनतम विश्वव्यापी संस्थागत आयकर लगाउनुपर्ने सहमति कायम भएको छ ।

यस क्रममा नेपालमा पनि संस्थागत आयकरको दरमा कटौती गरिएको थियो जस अनुसार बैंक, वित्तीय संस्था, सामान्य बीमा जस्ता व्यवसायको आयमा संस्थागत आयकर ३० प्रतिशत र अन्य आयमा २५ प्रतिशत लाग्ने व्यवस्था छ । सहकारी संस्थाको आयमा स्थान अनुसार ५ देखि १० प्रतिशतसम्मका दर लाग्ने व्यवस्था छ । अर्कोतर्फ विभिन्न प्रकारका कर छुट तथा सुविधाले गर्दा अनगिन्ती प्रभावकारी दर कायम भई कर आर्थिक तथा प्रशासनिक हिसाबले अक्षम भएको छ र करको आधार आशातित रूपमा विस्तार हुनसकेको छैन ।

### सम्पत्ति कर

सम्पत्ति करमा घरजग्गा जस्तो अचल सम्पत्तिको स्वामित्व कायम भएबापत सालबसाली रूपमा लाग्ने घरजग्गा कर र त्यस्ता सम्पत्तिको स्वामित्व हस्तान्तरण भए बापत पटके रूपमा लगाइने रजिष्ट्रेशन दस्तुर पर्दछन् । यस्ता करहरू स्थानीय तहको स्वायत्तता, उत्तरदायित्व, करको आधारको स्थानीयकरण, करको भार स्थानीय सरकारको क्षेत्र भित्र सीमित हुनुपर्ने, हितको सन्तुलन जस्ता सबै सिद्धान्त अनुरूप भएकाले ती करहरूलाई स्थानीय सरकारको राजस्वको मूल स्रोतको रूपमा विकास गर्नुपर्ने सैद्धान्तिक मान्यता तथा अन्तर्राष्ट्रिय असल अभ्यास छ । यस अनुसार विभिन्न देशका स्थानीय सरकारहरूले आफ्नो कर राजस्वको ठूलो हिस्सा सम्पत्ति करबाट परिचालन गर्ने गरेको पाइन्छ ।

यो मान्यता अनुसार नेपालमा कर सुधार गर्ने सन्दर्भमा विगतमा केन्द्रीय स्तरमा लागू गरिएका मालपोत, घरजग्गा कर जस्ता सम्पत्ति करहरू लगाउने अधिकार स्थानीय तहलाई दिइएको छ । यसैगरी घरजग्गा रजिष्ट्रेशन दस्तुर लगाउने अधिकार पनि स्थानीय तहलाई दिइएको छ । यद्यपि, हाल यो कर संकलन गर्ने कार्य स्थानीय सरकारको लागि संघीय सरकारको मालपोत प्रशासनले गर्ने गरेको छ ।

### कर खर्च

सन् १९७० को दशकसम्म आर्थिक तथा सामाजिक उद्देश्य हासिल गर्न विभिन्न प्रकारका कर छुट दिने व्यापक प्रचलन थियो । त्यसले गर्दा निश्चित क्षेत्र वा कारोबारले विशेष सुविधा पाउने, भ्रष्टाचार मौलाउने, करको आधार साँघुरो हुने र राज्यले राजस्व गुमाउनुपर्दथ्यो । तर, कतिपय छुटहरू खोजिएको उद्देश्य प्राप्त गर्न प्रभावकारी नभएका तर तिनीहरूले अनेक विकृति तथा विसंगति सिर्जना गरेकाले सन् १९८० को दशकदेखि कर छुट तथा सुविधाहरू खारेज गर्नुपर्ने आवश्यकता बढ्दै गयो ।

कर छुट दिनै पर्ने भएमा पनि त्यस्ता छुटको समीक्षा गर्ने, त्यसबाट राजस्व संकलनमा पर्न सक्ने प्रभावको गणना गर्ने, त्यसलाई बजेट प्रक्रियामा समावेश गर्ने र संसदबाट स्वीकृत गराई सार्वजनिक गर्ने व्यवस्थाको प्रयोग विश्वमा बढदै गएको छ । कर खर्चको गणना गरेर सार्वजनिक गर्नुपर्ने कुराको आवश्यकता नेपालमा बढ्दै गएको भए तापनि यस किसिमको व्यवस्था अझै संस्थागत हुनसकेको छैन । कर खर्चको गणना गरेर सार्वजनिक गराउने व्यवस्थाबाट कर छुट तथा सुविधाको दुरुपयोग रोकिने, पार दर्शिता तथा सुशासन कायम हुने र राजस्व संकलन बढ्ने भएकाले नेपालले पनि यस व्यवस्थालाई अपनाउनु जरूरी छ ।

### अन्तर्राष्ट्रिय कर

वर्तमान भूमण्डलीकृत विश्वमा कम्पनी वा प्राकृतिक व्यक्ति व्यापार, लगानी तथा उत्पादन आफ्नो मुलुकभित्र मात्र नभई संसारको कुनै पनि कुनामा गर्न सक्छन् । त्यसबाट आर्जन गरेको आयमा आयकर तिर्नुपर्दछ । अन्तर्राष्ट्रिय करअन्तर्गत कुनै आय वर्षमा कुनै कम्पनी वा व्यक्तिले विभिन्न देशमा गरेको वस्तु तथा सेवाको व्यापार, लगानी, बहुराष्ट्रिय कम्पनीहरूको उत्पादन तथा रोजगारीबाट प्राप्त आयमा विभिन्न मुलुकमा कर कसरी लाग्दछ भन्ने विषयको लेखाजोखा हुन्छ ।

हाल विश्वको अर्थतन्त्रको ठूलो हिस्सा केही सीमित बहुराष्ट्रिय कम्पनीहरूले संचालन गरिरहेका भए पनि तिनीहरूले विभिन्न देशको कर कानुनमा रहेका छिद्रहरूको प्रयोग गरी खर्बौं डलर बराबरको राजस्व चुहावट गरिरहेका छन् । बहुराष्ट्रिय कम्पनीहरूको यस किसिमको क्रियाकलापले राज्यको कर लगाउने सार्वभौम अधिकारमाथि आँच आउने, राज्यले राजस्व गुमाउने, घरेलु कम्पनी तथा व्यक्तिहरूमाथि करको भार बढी पर्ने र तिनीहरू बहुराष्ट्रिय कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न नसक्ने, कर प्रणाली असमान हुने र त्यस्तो कर प्रणालीमाथि कर दाताको विश्वास घट्दै जाने हुनाले यो विषय अन्तर्राष्ट्रियस्तरमै ठूलो सरोकारको विषय बन्न गएको छ ।

यस सन्दर्भमा आर्थिक सहयोग र विकास संगठन (ओईसीडी) ले करको आधार क्षयीकरण तथा नाफा स्थानान्तरण परियोजना कार्यान्वयन गरेर समस्याको विश्लेषण तथा समाधानका उपाय सहितको आफ्नो अन्तिम प्रतिवेदन सन् २०१५ मा प्रकाशित गरेको थियो । यस प्रतिवेदनले संस्थागत आयकर राजस्व परिचालन बढाउन (क) बहुराष्ट्रिय कम्पनीहरूको डिजिटल कारोबारमा कर लगाउने, (ख) कर छल्ने किसिमले गरिने ब्याज कटौतीको सीमा निर्धारण गर्ने, (ग) दोहोरो करमुक्ति सम्झौताका सुविधाको दुरुपयोग रोक्ने, (घ) विदेशी स्थायी संस्थापन सम्बन्धी व्यवस्थालाई फराकिलो बनाउने, (ङ) नियन्त्रित विदेशी निकायहरू सम्बन्धी नियमलाई कस्ने, र (च) ट्रान्सफर प्राइसिङ सम्बन्धी प्रावधानहरूलाई बलियो बनाउने जस्ता विभिन्न सुझाव दिएको थियो । ती सुझावहरू कतिपय देशहरूले लागू गरिसकेका छन् ।

उक्त प्रतिवेदन अनुसारका विभिन्न प्रावधान नेपालले पनि अपनाउनुपर्दछ । त्यसका लागि आयकर ऐन र कर सन्धिहरूलाई संशोधन गर्नुपर्दछ । यसैगरी नेपालको आवश्यकताको आधारमा नयाँ कर सन्धिहरू सम्पन्न गर्न कर सन्धि नीति फ्रेमवर्क तथा नेपालको नमूना कर सन्धि तयार गर्नुपर्दछ ।

### कर प्रशासन

कर सुधारको क्रममा सन् १९८० को दशकको मध्यान्तरपछि अन्तर्राष्ट्रिय जगतमा कर प्रशासनको सुधारलाई पनि निकै महत्व दिने गरिएको छ । यस सन्दर्भमा विभिन्न मुलुकमा कर प्रशासनको संगठनात्मक स्वरूपमा सुधार गर्ने, व्यावसायिक कर्मचारी व्यवस्था तयार गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, कर प्रशासनमा सूचनाप्रविधिको प्रयोग बढाउने जस्ता सुधार कार्यहरू गरिएका पाइन्छन् ।

नेपालमा पनि सन् १९९० को दशकमा लागू गरिएको प्रथम पुस्ताको कर सुधार अन्तर्गत कर प्रशासन सम्बन्धी विभिन्न निकायको एकीकरण गर्ने, कर प्रशासनको कार्यमूलक संगठनात्मक स्वरूप तयार गर्ने, करदाताको स्तर अनुसारका कार्यालयहरूको व्यवस्था (सिगमेन्टेसन) गर्ने, कर प्रशासनमा सूचनाप्रविधिको प्रयोग बढाउने जस्ता विभिन्न सुधार कार्यहरू गरिएका थिए । सुधारिएको कर प्रणालीलाई सही र प्रभावकारी रूपमा लागू गर्न सबल, सक्षम, उत्प्रेरित, तथा व्यावसायिक कर प्रशासनको ठूलो भूमिका हुन्छ । त्यसैले आगामी दिनहरूमा कर प्रशासनको सुधार गर्दै जानुपर्दछ । हाम्रो कर प्रशासनलाई विश्वमै एउटा नमूना प्रशासनको रूपमा स्थापित गर्ने लक्ष्य राखेर अगाडि बढ्नुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# समुदायस्तरमा फैलिँदै मौसमी रुघाखोकी, अस्पतालमा बढ्न थाले बिरामी

काठमाडौं/एक सातायता इन्फ्लुएन्जा पुष्टि हुने बिरामीको संख्या ह्वात्तै बढ्दै गएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको तथ्यांक अनुसार पछिल्लो एक हप्तामा देशभरबाट संकलन भएका १४० वटा नमुना परीक्षण हुँदा ३५ जनालाई इन्फ्लुएन्जाको संक्रमण पुष्टि भएको छ । इन्फ्लुएन्जाको संक्रमण हुँदा मानिसलाई रुघाखोकी लाग्ने, ज्वरो आउने, टाउको दुख्नेजस्ता समस्या देखिन्छन् ।

'पछिल्लो हप्तादेखि इन्फ्लुएन्जाका बिरामीको संख्या ह्वातै बढेको देखिन्छ । परीक्षण गरेकामध्ये ७ प्रतिशतको हाराहारीमा इन्फ्लुएन्जा पुष्टि हुन थालेको छ । मौसम परिवर्तन हुने समयमा देखिने भएकाले बिरामीको बढ्दो छ', प्रयोगशालाका इन्फ्लुएन्जा विभागका लोकबन्धु चौधरीले भने ।

मौसमी इन्फ्लुएन्जा एक किसिमको भाइरसको संक्रमण हो । इन्फ्लुएन्जालाई बोलिचालीको भाषामा 'फ्लु' भनेर बुझिन्छ । हुनत यो समयमा मौसमी 'फ्लु' देखिनु सामान्य हो । सामान्यत: नेपालमा मार्च (फागुन-चैत) र अगस्ट (साउन-भदौ) मा 'फ्लु' संक्रमण बढी देखिने गरेको छ ।

चिकित्सकका अनुसार यस समयमा भाइरसको संक्रमण तीव्र गतिमा फैलिने हुँदा मानिसमा सर्ने दर पनि बढी हुन्छ । टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा दैनिक रुघाखोकीका बिरामी उपचारका लागि आउने क्रम बढ्दो छ ।

सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार समुदायस्तरमा इन्फ्लुएन्जा फैलिरहेको छ । दैनिक ४०/४५ जना बिरामी बहिरंग सेवामा जाँच गराउन आउनेमा २० जनामा रुघाखोकीको समस्या देखिन्छ । त्यसमध्ये अधिंकाशमा इन्फ्लूएन्जा पुष्टि हुने गरेको छ ।

फ्लु निकै संक्रामक हुने र लक्षण देखिएका सबै व्यक्ति परीक्षणका लागि नआउने भएकाले संक्रमितको संख्या अस्पतालमा देखिएको भन्दा धेरै हुनसक्ने डा. पुन बताउँछन् । यो समय मौसमी बिरामी देखिनु सामान्य भए पनि संख्या धेरै हुनु असामान्य भएको उनको भनाइ छ ।



**इन्फ्लुएन्जा "ए" बढी घातक**

भाइरसको एउटा प्रकारलाई 'इन्फ्लुएन्जा' भनिन्छ । मौसम परिवर्तनमा हुने समयमा लाग्ने रुघाखोकी नै 'इन्फ्लुएन्जा' अर्थात मौसमी फ्लु हो । चिकित्सकका अनुसार इन्फ्लुएन्जा ए बी, सी र डी गरी चार प्रकारका हुन्छन् ।

नेपालमा भने इन्फ्लुएन्जाका विभिन्न प्रकारमध्ये ए र बी बढी देखिने गरेको डा. पुनले जिकिर गर्छन् । उनका अनुसार अनुसार इन्फ्लुएन्जा ए, बीको तुलनामा बढी संक्रामक र स्वास्थ्यमा जटिलता ल्याउने हुन्छ ।

अस्पतालका कन्सल्ट्यान्ट फिजिसियन डा. विमल शर्मा चालिसे पनि इन्फ्लूएन्जाका बिरामी भर्ना हुने क्रम बढिरहेको बताउँछन् ।

'ओपीडीमा आउने रुघाखोकीका बिरामी बढेसँगै इन्फ्लुएन्जाका बिरामी पनि भर्ना भएका छन् । कोरोनाको समयमा इन्फ्लुएन्जाका बिरामी देखिएका थिएनन् । तर, पछिल्ला हप्तादेखि इन्फ्लुएन्जाका बिरामी बढिरहेका छन्', डा. चालिसेले भने ।

इन्फ्लुएन्जा श्वास प्रश्वासको माध्यमबाट सर्ने गर्दछ । 'यो निकै संक्रामक हुन्छ । संक्रमित मानिसको श्वासप्रश्वासबाट सहजै फैलिन्छ । बिरामी नजिक जानु नै पहिलो जोखिम हो', डा. चालिसे भन्छन्, 'परिवारको एक सदस्यबाट अरुमा, स्कुल र होस्टलका विद्यार्थीमा एकअर्कोमा सर्ने जोखिम अत्यधिक हुन्छ ।'

**लक्षण के हुन्छ ?**

फ्लुका कारण अचानक ज्वरो आउने, रुघाखोकी लाग्ने, थकान महसुस हुने, नाकबाट पानी बग्ने, हाच्छ्यिुँ आउने, शरीर दुख्ने जस्ता लक्षण देखिन्छन् ।

त्यस्तै आँखाको नानी, टाउको दुख्ने, नाक बन्द हुने, घाँटी बस्ने, श्वासप्रश्वासमा समस्या देखिने, बालबालिकामा पखाला लाग्ने जस्ता लक्षण देखिन्छ । फ्लू संक्रमण हुँदा सुरुमा रुघा लाग्ने तथा भाइरसको संक्रमण कडा बन्दै जाँदा श्वासप्रश्वासमा समस्या निम्तिएर मानिसको मृत्यु पनि हुन्छ । फ्लूका लक्षण सामान्यतया ७ दिनसम्म र हने र बिस्तारै हराउँदै जाने विज्ञहरु बताउँछन् ।

**ज्येष्ठ नागरिक र दीर्घ रोगी बढी जोखिममा**

मौसमी फ्लुले रोग प्रतिरोधी क्षमता कमजोर भएका मानिसलाई बढी असर गर्ने गर्छ । डा. पुनका अनुसार ज्येष्ठ नागरिक, दीर्घरोगी, बालबालिका, नियमित औषधि सेवन गर्ने मधुमेह, उच्च रक्तचाप वा मुटुका बिरामीलाई फ्लुको बढी असर गर्ने हुन्छ ।

चिकित्सकका अनुसार यसको सबैभन्दा बढी असर दीर्घरोगी र ज्येष्ठ नागरिकमा भएपनि हिजोआज युवा र बालबालिकामा रुघाखोकी लामो समयसम्म रहने र छाती निरन्तर घ्यारघ्यार हुने नयाँ समस्या देखिएको छ ।

'ज्येष्ठ नागरिक तथा दीर्घरोगीमा फ्लू हुँदा निमोनिया देखिने सम्भावना बढी हुन्छ । यसले उनीहरुको स्वास्थ्यमा झन् जटिलता ल्याउँछ । अहिले अस्पताल भर्ना हुनेमा धेरैजसो दीर्घरोगी छन् । त्यसैले यो समूह बढी सतर्क र सुरक्षित रहनुपर्छ', डा. चालिसे भन्छन् ।

फ्लु लागेका मानिसहरूलाई अन्य लक्षणहरू ठीक भए पनि खोकी भने लामो समयसम्म रहिरहन सक्ने चिकित्सकहरु बताउँछन् ।

फ्लुको संक्रमण निको पार्ने विशेष औषधि छैन । फ्लु संक्रमित व्यक्तिमा संक्रमण कडा भएको अवस्थामा 'ओसेलटेमिभिर' नामक औषधि चलाइने डा. पुन बताउँछन् ।

**अस्पताल कति बेला जाने ?**

ज्वरो आएको केही दिनसम्म निको नभए वा रुघाखोकीसँगै वान्ता, झाडापखाला, खाना नरुच्ने, सास फेर्न गाह्रो हुने लक्षण देखिए तुरुन्त डाक्टरसँग सल्लाह लिनुपर्छ ।

समयमा नै उपचार नगरे इन्फ्लुएन्जाको संक्रमणका कारण निमोनिया भई बिरामीको ज्यानसमेत जानसक्ने डा. पुन बताउँछन् ।

रुघाखोकी लामो समयसम्म रहेमा स्वास्थ्य परीक्षण नगराई घरमा नबस्न उनको सुझाव छ । 'भाइरस संक्रमण शरीरमा फैलिएर ज्यानै जाने सम्भावना हुन्छ । रुघाखोकी त हो नि भनेर हेलचेक्र्याइँ गर्ने प्रवृत्ति बढ्दो छ', डा. पुन भन्छन्, 'ढिलो अस्पताल आइपुग्दा कतिपय बिरामीलाई बचाउन सकिँदैन ।'

**सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन**

चिकित्सकका अनुसार मौसमी रुघाखोकीको लक्षण सामान्यतया एक सातामा हराएर जाने भए पनि रोग प्रतिरोधात्मक क्षमता कम भएका बिरामीमा रुघाखोकीले पनि निमोनियाको रुप लिन सक्छ । यस्ता बिरामीलाई आईसीयूमा राखेर उपचार गर्नुपर्ने हुन्छ ।

बर्सेनि यस्तै मौसमी रुघाखोकी तथा फ्लुले दीर्घरोगी, दम, मधुमेह, क्यान्सर र मिर्गौलाका बिरामी, गर्भवती तथा बालबालिकाको स्वास्थ्य जोखिममा परिरहेको विज्ञहरु बताउँछन् । 'एक सातापछि पनि रुघाखोकी ज्वरो, वान्ता हुनेजस्ता लक्षण निको नभए तुरुन्तै चिकित्सककहाँ जानुपर्छ । नत्र निमोनिया हुने सम्भावना बढ्दै जान्छ । समयमै उपचार नपाउँदा बिरामीमा हुने जटिलता पनि बढ्छ', डा. चालिसे थप्छन् ।

मौसमी रुघाखोकी लामो समयसम्म रहँदा पनि अस्पताल नगए निमोनिया हुन सक्ने त्रिवि शिक्षण अस्पतालका छाती रोग विशेषज्ञ डा. निरज बम बताउँछन् । 'निमोनिया लगायतका कारण शरीरमा जटिलता देखिएर मल्टी अर्गान फेलर (धेरै अंगले एकै पटक काम नगर्ने) भएर मानिसको मृत्यु समेत हुनसक्छ' उनी भन्छन् । रुघाखोकी लाग्दा झोलिलो खानेकुरा खाने र केही दिन घरमै आराम गरे ठीक हुन सक्छ । 'घर मै आराम गर्ने र गेडागुडी र झोल पदार्थ सेवन गरेमा संक्रमणको असर बिस्तारै कम हुँदै जान्छ', डा. पुन भन्छन् ।

**कसरी जोगिने ?**

मास्क लगाएर हिँड्न र भाइरल संक्रमणबाट बच्न वर्षमा एक पटक इन्फ्लुएन्जा विरुद्धको खोप लगाउन चिकित्सक सुझाव दिन्छन् । गर्भवती, दम, क्यान्सरको समस्या भएका व्यक्ति, रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका, दीर्घरोगको समस्या भएका व्यक्तिलाई खोपले फाइदा पुऱ्याउँछ ।

विभिन्न किसिमका भाइरल संक्रमणबाट जोगिन इन्फ्लुएन्जाविरुद्ध खोप लगाउन उचित हुने चिकित्सकको भनाइ छ ।

इन्फ्लुएन्जा विरुद्धको खोप मुटु र श्वासप्रश्वासको समस्या भएका बालबालिकालाई अनिवार्य दिइन्छ । त्यसबाहेक अन्यलाई पनि इन्फ्लुएन्जा हुँदा रुघाखोकी र निमोनिया हुने सम्भावना रहेकाले उक्त खोप लगाउन विज्ञ सुझाव दिन्छन् ।

'उनीहरुसँग रोगसँग लड्ने क्षमता कम हुन्छ । अस्पताल, क्लिनिक र फार्मेसीमा पनि सहजै उपलब्ध हुने भएकाले ६ महिनामाथिका जोसुकैले खोप लगाउनु उचित हुन्छ,' डा. पुन भन्छन्, 'वर्षमा एकपटक इन्फ्लुएञ्जा विरुद्धको खोप लगाउँदा मौसमी रुघाखोकीबाट जोगिन र यदि लागिहाल्यो भने पनि धेरै जटिल असरलाई न्यूनीकरण गर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# प्रिमियरमा 'नाङ्गो गाउँ'को प्रशंसा



काठमाडौं/राजनीतिक विषयवस्तुमा निर्माण भएको दीपेन्द्र लामाद्वारा निर्देशित फिल्म 'नाङ्गो गाउँ'लाई प्रिमियरमा प्रशंसा मिलेको छ । बुधबार बेलुका सितापाइलास्थित सीके सिनेमाज् हलमा भएको रेड कार्पेट प्रिमियरमा फिल्मको कथावस्तु, कलाकारको अभिनय, निर्देशन, गीतसंगीत र छायांकन पक्षको प्रशंसा भयो । दयाहाङ राई र मिरुना मगरको जोडीको तारिफमा पनि अतिथिहरुले शब्द खर्चिए ।

गायक राजेशपायल राईले समाजमा घटिरहेको घटनालाई चुस्त दुरुस्त फिल्ममा उतारिएको भन्दै प्रशंसा गरे । उनले दयाहाङलाई 'सुपरस्टार' भन्दै उनले निर्वाह गरेको भूमिकाले बालेन शाह, हर्क साम्पाङ राई र गोपी हमालको झल्को मिल्ने समेत बताएका छन् । 'फिल्म अत्यन्त सुन्दर छ, मीठो छ । मैले सोचेभन्दा धेरै राम्रो फिल्म बनेको पाएँ । क्लाइमेक्स गज्जब छ,' उनले मिडियासँग भने ।

त्यस्तै, निर्देशक दीपाश्री निरौला, कलाकार जितु नेपाल, निर्देशक नरेश पौड्याल, अभिनेत्री लुनिभा तुलाधरले फिल्मको विषयवस्तु सशक्त रहेको धारणा राखे । फिल्मले चुनावमा भोट दिनुभन्दा अगाडि जनतालाई सयपटक सोच्न सचेत गराउने उनीहरुको विश्वास छ । अभिनेता कुन्साङ बम्जनले फिल्मलाई शतप्रतिशत रेटिङ दिँदै एउटा राम्रो विषयवस्तुमा उम्दा फिल्म बनेको प्रतिक्रिया दिए ।

प्रिमियरमा मिलेको प्रतिक्रियाले दयाहाङ राई र मिरुना मगर उत्साहित देखिएका थिए । फिल्मको प्रचारबाट टाढा बसेकी साम्राज्ञी आरएल शाह प्रिमियरमा भने उपस्थित भएकी थिइन् । हिमाल कडरिया प्रस्तुतकर्ता रहेको यो फिल्ममा जय श्रेष्ठको लगानी छ भने कार्यकारी निर्मातामा रामहरि श्रेष्ठ छन् । भोलि शुक्रबारदेखि प्रदर्शनमा आउन लागेको फिल्ममा आलोक शुक्लाको छायांकन छ ।

# आकाशका लागि करुणा संसारकै सबैभन्दा सुन्दर व्यक्ति




काठमाडौं/फिल्म क्षेत्रमा कलाकारको 'लभ लाइफ'को चर्चा बढी हुने गर्छ । त्यसमाथि अभिनेता आकाश श्रेष्ठको त अलि बढी नै हुन्छ । फिल्म 'रामकहानी'पछि उनको नाम अभिनेत्री पूजा शर्मासँग जोडियो । जहाँ जाँदा पनि एकसाथ हुनु, फिल्म र म्यूजिक भिडियोमा जोडी नटुट्नु, एकअर्काको तारिफमा नथाक्नु उनीहरुबीच प्रेम प्रमाणित गर्ने आधार थिए । भलै दुवैले कहिल्यै पनि प्रेम स्वीकार गरेनन् ।

यतिबेला यो जोडी व्यक्तिगत र व्यावसायिक जीवनबाट पूर्ण रुपमा अलग भैसकेका छन् । पूजापछि आकाशको नाम अभिनेत्री तथा मोडल करुणा श्रेष्ठसँग जोडिँदै आएको अवस्था छ । उनीहरुले एकसाथ म्यूजिक भिडियोमा निरन्तर सहकार्य गरिरहनुले पनि प्रेम सम्बन्धको चर्चामा ठूलो बल मिलेको छ । यद्यपि, दुवैले आफूहरु मिल्ने साथी मात्र रहेको रेडिमेड जवाफ दिन भने छाडेका छैनन् ।

बुधबार करुणाको जन्मदिनको अवसरमा आकाशले सामाजिक सञ्जालमा व्यक्त गरेका शब्दले पनि उनीहरुबीच गहिरो प्रेम रहेको संकेत गर्छ । आमाबाहेक हत्तपत्त कसैलाई सामाजिक सञ्जाल मार्फत् जन्मदिनको शभुकामना नदिने उनले करुणालाई भने विशेष महत्त्व दिएका छन् । करुणासँगको एउटा तस्वीर इन्स्टाग्राममा सेअर गर्दै आकाशले संसारकै सबैभन्दा सुन्दर व्यक्ति भनेका छन् ।

उनले लेखेका छन्, 'संसारकै सबैभन्दा सुन्दर व्यक्तिलाई जन्मदिनको शुभकामना । भगवानले तिमीलाई अनगिन्ती आशिर्वाद प्रदान गरून् ।' उनले व्यक्त गरेका शब्दका लागि करुणाले कमेन्टमा धन्यवाद दिँदै लभ इमोजी राखेर 'यी कुराको धेरै कदर गर्नेछु' भनेर उल्लेख गरेकी छन् । आकाश र करुणाको बारेमा सम्भवत: आगामी दशैंपछि केही नयाँ खबर आउन सक्ने चर्चा फिल्मवृतमा छ ।

# 'मायावी'बाट फिल्म निर्माणमा राज



काठमाडौं/अभिनेता राज कटुवाल अब फिल्म निर्माणमा समेत अगाडि बढ्ने भएका छन् । दीवाकर भट्टराईको निर्देशनमा बन्न लागेको फिल्म 'मायावी'बाट उनले निर्माताको परिचय थप्न लागेका हुन् । फिल्ममा उनको अभिनय भने रहने छैन । निर्देशक भट्टराई र राजबीच फिल्म निर्माणमा सहकार्य हुनेछ । राजले फिल्मको कथावस्तु एकदमै मन परेकाले निर्माताको रुपमा जोडिएको जानकारी गराए ।

फिल्म 'लाल्टिन'बाट डेब्यू गरेका उनी सन् २०१७ मा आएको फिल्म 'लीला'पछि अभिनयबाट टाढा छन् । यस वर्ष आफ्नै निर्माणमा बन्न लागेको फिल्म 'राजा'बाट अभिनयमा कमब्याक गर्ने उनको तयारी छ । चलचित्र विकास बोर्डको सदस्यको रुपमा कार्यकाल बिताइसकेका उनले आधा दर्जन बढी म्यूजिक भिडियोमा काम गरिसकेका छन्, जसमध्ये 'मेसो मिलाएर' गीत हिट भएको थियो ।

असोज २ गतेबाट छायांकनमा जान लागेको 'मायावी'मा पल शाह, दीपिका प्रसाईं, सुशील सिटौला र मोडल समिम खानको मुख्य भूमिका रहनेछ । समिमले यही फिल्मबाट डेब्यू गर्न लागेका हुन् । फिल्ममा निर्देशक भट्टराई स्वयंको लेखन छ । क्रिएटिभ सिने आर्टसको ब्यानरमा निर्माण हुने फिल्ममा एसडी योगीको संगीत, राम अविरल विष्टको गीत, राजुविक्रम थापाको डिओपी रहनेछ ।

# दीपक-दीपाको सिनेमा हल आजदेखि सञ्चालनमा

काठमाडौं/दीपकराज गिरी, दीपाश्री निरौला र निर्मल शर्मा सञ्चालक रहेको मल्टिप्लेक्स फिल्म हल आज (शुक्रबार)देखि औपचारिक सञ्चालनमा आउने भएको छ । नयाँ बानेश्वर चोकस्थित एनबी सेन्टरमा रहेको हल आईएनआई सिनेमाजको फ्रेन्चाइजीको रुपमा सञ्चालनमा आउन लागेको हो ।

दुई पर्दा रहेको हलमा कुल ३८७ सिट क्षमता छ । स्क्रिनप्ले फिल्म्स कम्पनीको स्वामित्व रहेको यो हलको सबै व्यस्थापन आईएनआईले हेर्नेछ । यो हलसँगै आईएनआईको हल संख्या तीन पुगेको छ । गोंगबुको ल्होत्से मल, बुटवलको मिलनचोकमा यसअघि नै दुई फ्रेन्चाइजी हल सञ्चालनमा छन् ।

आज बिहान यो हलको उद्घाटन कार्यक्रम छ । उद्घाटनमा दीपक-दीपाकै पछिल्लो फिल्म 'छक्कापञ्जा ४' को स्क्रिनिङ हुनेछ । त्यसपछि नियमित शो अन्तर्गत एक भगवत् र एक गीता, नांगो गाउँ, जवान र नन् २ प्रदर्शन हुनेछन् ।

'हामी निर्माता पनि भएकाले विदेशीभन्दा नेपाली फिल्मलाई नै शो विभाजनमा प्राथमिकता दिनेछौं,' हल सञ्चालनको दौडधुपमा रहेका दीपकले भने, 'यदि म प्रदर्शकको रुपमा सफल रहें भने भोलि देशव्यापी रुपमा फ्रेन्चाइजी विस्तार पनि हुनेछ ।'

निर्माण सुरु भएको पाँच वर्षपछि अन्तत: हल सञ्चालनमा आउन लागेको हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# उपत्यकाको सार्वजनिक यातायात प्राधिकरणले थाल्यो काम

काठमाडौं/काठमाडौं उपत्यकाको सार्वजनिक यातायात सुधारका लागि बनेको 'संघीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात परिषद्'ले काम थालेको छ । 'शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन– २०७९' ले उपत्यकाको सार्वजनिक यातायात सुधारमा काम गर्ने गरी परिषद् र प्राधिकरणको प्रावधान गरेको थियो ।

परिषद्को पहिलो बैठक बिहीबार बसेको छ । काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहको अध्यक्षतामा बसेको बैठकले उपत्यका सार्वजनिक यातायात प्राधिकरणको कार्यक्षेत्रमा पर्ने कुनै पनि निर्णय गर्दा परिषद्सँग अनिवार्य समन्वय गर्नुपर्ने निर्णय गरेको हो ।

बैठकमा काठमाडौं मेयर प्रमुख बालेनले परिषद्ले आफ्नो क्षेत्रभित्रको काम थालेको जानकारी दिए । 'यसअघि नेपाल सरकार, प्रदेश सरकार वा यातायात क्षेत्रको नियमन, व्यवस्थापन गर्ने कार्यालयहरुले सञ्चालन गरेका वा निर्णय गरेका कामलाई सार्वजनिक लाभ र दिगोपनाको विश्लेषण गरेर नियमित सञ्चालन गरिनेछ,' उनले भने ।

मेयर शाहका अनुसार विगतमा गरिएका नीतिगत निर्णयको कार्यान्वयन र कार्यान्वयन भएका नीतिको नतिजालाई कार्यक्रम सञ्चालनको आधार बनाइने भएको छ । 'ऐनले प्रदान गरेका अधिकार मध्ये ९० प्रतिशत काम पालिकाले नियमित प्रक्रियाबाटै सञ्चालन गर्न सक्नेछन् । यसका लागि थप बजेट पनि चाहिँदैन,' उनले भने, 'यसमा अधिकारको कुराभन्दा कर्तव्यको कुरा आउँछ, धेरै काम पालिका आफैंले सञ्चालन गर्नसक्ने खालका छन् ।'

बैठकले प्राधिकरणको कोष सञ्चालन सम्बन्धमा छलफल गर्दै नेपाल सरकारले यातायात व्यवस्थापनका लागि यसअघि गर्दै आएको खर्च कोषमा जम्मा हुने प्रणाली विकास गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय समेत गरेको छ । नेपाल सरकारले बनाउने प्राधिकरणको नियमावलीका व्यवस्थामाथि प्राधिकरणका तर्फबाट सुझाव पेश गर्ने विषयमा बैठकले छलफल गरेको छ ।

बैठकमा ललितपुर महानगरपालिकाका प्रमुख एवम् परिषदका उपाध्यक्ष चिरिबाबु महर्जनले यातायात क्षेत्रको व्यवस्थापन गर्ने काममा प्राधिकरण र परिषदले दोहोरोपनलाई हटाउनुपर्ने बताए । त्यस क्रममा भक्तपुर नगर पालिकाका प्रमुख सुनिल प्रजापतिले प्राधिकरणलाई गतिशील बनाउन पूर्वतयारीलाई बलियो बनाउनु पर्ने सुझाव राखे । यातायात क्षेत्रको व्यवस्थापनका लागि धेरै कार्यालय भएकोले अहिलेसम्म उचित व्यवस्थापन हुन नसकेको भन्दै काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले 'वन क्लिक कमाण्ड' आवश्यक रहेको बताए ।

**प्राधिकरणको सीईओमा नेपाली**

परिषदका प्रमुख कार्यकारी अधिकृत(सीईओ) खुला प्रतिस्पर्धाका आधारमा नियुक्ति गरिनेछ । यो प्रक्रिया पूरा नहुँदासम्मका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव कुवेर नेपालीलाई यस पदमा नियुक्त गरिएको परिषद्ले जनाएको छ । बैठकमा प्राधिकरण र परिषद् सम्बन्धी कानुनी व्यवस्थाका विषयमा नेपालीले प्रस्तुतीकरण गरेका थिए । उनका अनुसार शहरी क्षेत्रमा सार्वजनिक यातायात क्षेत्रलाई सहज, पहुँच योग्य, यात्रुमैत्री, विश्वसनीय, लागतप्रभावी र सुरक्षित बनाउने उद्देश्यले ऐन जारी गरिएको हो । काठमाडौं महानगरपालिकाकै केन्द्रीय कार्यालय रहेको काठमाडौं प्लाजामा प्राधिकरणको पनि कार्यालय स्थापना गरिने भएको छ । काठमाडौं महानगरपालिकाले प्राधिकरणका लागि १ करोड रुपैयाँ रकम विनियोजन गरेको छ ।

परिषद्रुको बैठकमा दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेत, बूढानीलकण्ठ नगर पालिकाका प्रमुख मीठाराम अधिकारी, सूर्यविनायक नगरपालिकाकी उपप्रमुख सरिता भट्टराई, चन्द्रागिरी नगर पालिकाकी उपप्रमुख बसन्ती श्रेष्ठ, नागार्जुन नगरपालिकाकी उपप्रमुख शुशिला अधिकारी उपस्थित रहेका थिए । यस्तै उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायव महानिरीक्षक पोषराज पोखरेल, सडक विभागका महानिर्देशक शुशिलबाबु ढकाल, यातायात व्यवस्था कार्यालयका महानिर्देशक उद्धवप्रसाद रिजाल सहभागी भएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# सुनको अनुसन्धान सकिएपछि विमानस्थल भन्सारका कर्मचारीले रोके आन्दोलन

काठमाडौं/त्रिभुवन विमानस्थल भन्सार कार्यालयका कर्मचारीहरुले आन्दोलन रोकेका छन् ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले ६० किलो सुन तस्करी प्रकरणको अनुसन्धान सकेर जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा अनुसन्धान प्रतिवेदन बुझाएसँगै कर्मचारीहरु आन्दोलन रोकेर नियमित काममा फर्किएका हुन् ।

नेपाल प्रहरीसहित विभिन्न निकायले सुन तस्करी प्रकरणको अनुसन्धानका क्रममा अनावश्यक रुपमा दु:ख दिएको भन्दै उनीहरुले आइतबार सांकेतिक विरोध स्वरुप ३ घण्टा पेन डाउन गरेका थिए भने २५ भदौमा कार्गो जाँचपास शाखामार्फत हुने निकासी तथा पैठारीको काम बन्द गरेका थिए ।

भन्सार विभागसहित अर्थ मन्त्रालयले अनावश्यक रुपमा दु:ख दिने अवस्था आउन नदिने प्रतिबद्धता समेत जनाएको भन्दै कर्मचारीहरु आन्दोलन रोकेर काममा फर्किएका छन् ।

विनाप्रमाण केही कर्मचारीहरु पक्राउ गरेको भन्दै उनीहरुले २७ भदौभित्र मागहरु सम्बोधन नभए कार्यालयको यात्रु जाँचपास शाखाबाट सम्पादन हुने कार्यहरुसमेत प्रभावित हुन सक्ने चेतावनी दिएका थिए ।

तर, प्रहरीले हिजो २७ भदौमा नै प्रहरीले अनुसन्धान सकेको सीआईबीले थप ३०२.०६ अर्थात् कुल ३६० किलो ७७८ ग्राम सुन ब्रेक शुमा लुकाएर ल्याएको निष्कर्ष सहित सरकारी वकिलको कार्यालयलाई प्रतिवेदन बुझाएको थियो ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबीले ६० किलो सुन प्रकरणमा रोल्पाकी अमला रोकासहित ५० जनालाई अवैध सुन चोरी पैठारी, संगठित अपराध, नागरिकता ऐन, राहदानी ऐन र अध्यागमन ऐनअनुसार मुद्दाको प्रतिवादी बनाउन राय दिएको छ । यो प्रकरणमा ३२ जना पक्राउ परेका छन् भने १८ जना फरार छन् ।

यसरी अनुसन्धानमा तानिने डरले आन्दोलन सुरु गरेका कर्मचरीले अनुसन्धान सकिएको सीआईबीको घोषणासँगै सन्तोषको सास फेरेको अर्थ मन्त्रालय स्रोतले बतायो ।

'पछिल्ला दिनमा समेत केही कर्मचारीहरु समातिए, त्यसपछि विमानस्थल भन्सार त्रास बढेको थियो,' मन्त्रालयका एक अधिकारीले भने, 'प्रहरीले अनुसन्धान सकाएकाले अब भन्सारमा काम प्रभावित हुँदैन ।'

गत २ साउनमा विमानस्थलबाट ६१ किलो सुन लुकाई ल्याएको 'ब्रेक सु' जाँचपास भए पनि विमानस्थलका कर्मचारीहरुले असल नियतले गरिएका दैनिक प्रशासनिक कामलाई समेत हतोत्साहित गर्ने वातावरण तयार गरिएको आरोप लगाउँदै आएका थिए ।

कर्मचारीहरुको मनोबल गिराउने, आत्मसम्मानमा ठेस पुऱ्याउने, विभिन्न निकायबाट निरन्तर हस्तक्षेप गर्ने काम भएको उनीहरुको गुनासो थियो । यस्तो कार्य बन्द नभएसम्म कार्यालयको दैनिक कार्यसञ्चालन गर्न असमर्थ रहेको भन्दै उनीहरुले सामूहिक सरुवाको माग समेत गर्दै निवेदन दिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# चित्लाङ-थानकोट सडकमा बजेट माग्दै मकवानपुरे जनप्रतिनिधिले प्रधानमन्त्री भेटे

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ थानकोट-चित्लाङ सडक (गणेशमान सिङ राजमार्ग) लाई प्रर्याप्त बजेट विनियोजन गरी निर्माण सम्पन्न गराउन प्रधानमन्त्री प्रचण्ड र अर्थमन्त्री प्रकाशशरण महतसँगै भौतिक योजना मन्त्रालयले सकारात्मक तत्परता देखाएका छन् ।



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र अर्थमन्त्री प्रकाशशरण महतसँग बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानको नेतृत्वमा थाहा नगर पालिकाका मेयर बिष्णु बिष्ट सहितका टोलीले भेट गरेपछि सकारात्मक जवाफ आएको हो । संघीय सरकारले चित्लाङ-चन्द्रागिरी-थानकोट सडक (गणेशमान सिंह मार्ग) आर्थिक बर्ष २०८०/८१ को बजेट तथा नीति तथा कार्यक्रममा प्राथमिकतामा नपारेकोले प्रधानमन्त्री तथा अर्थमन्त्रीसँग बालुवाटार पुगेर ध्यानाकर्षण गराएका हुन् ।

बिहीबार बिहान बागमाती प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तान र मेयर बिष्णु बिष्ट सहित निवर्तमान मेयर लवशेर बिष्ट र नेकपा माओवादी केन्द्र बागमती प्रदेश समिति सदस्य इन्द्रबहादुर श्रेष्ठलगायत प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए । भेटमा प्रधानमन्त्री प्रचण्ड र अर्थमन्त्री महतले यही बर्ष चित्लाङ थानकोट सडकलाई बजेटको सुनिश्चितता गर्ने प्रतिवद्धता जनाउनुभएको भेटमा सहभागी माओवादी नेता श्रेष्ठले जानकारी दिए ।

सडककै लागि बुधबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पनि छलफल भएको निवर्तमान मेयर बिष्टले बताए । भेटमा मन्त्री प्रकाश ज्वालाले थाहा नगरपालिकालाई राजधानी काठमाडौंसँग जोड्ने छोटो मार्ग गणेशमान सिंह मार्गको स्तरोन्नतिको लागि पहल गर्ने बताएको निवर्तमान मेयर बिष्टले बताए ।

नगरप्रमुख बिष्टले सरकारले ५० औं बर्षदेखि गरेको लगानिको प्रतिफल आउने अबस्था निर्माण भएको हुँदा यस्लाइ तत्काल निर्माण सम्पन्न गरेर संघीय राजधानीदेखि प्रदेश राजधानी हेटौंडासम्मको यात्राको दुरी छोट्याइ राजधानी काठमाडौंलाई दैनिकरुपमा आबश्यक पर्ने करिब ४० प्रतिशत ताजा तरकारी आपूर्ति गर्ने क्षेत्र थाहानगर, इन्द्रसरोवर, भीमफेदी, कैलाशबाट दुरी घट्ने र उत्पादक तथा उपभोक्ता दुबै लाभान्वित हुने, इन्धन बचतबाट राष्ट्र नै लाभान्वित हुने हुँदा यो सडकको चाँडै निर्माण सम्पन्न गर्न प्रधानमन्त्री तथा अर्थमन्त्रीको ध्यानाकर्षण गराएको बताए ।

थानकोट-चितलाङ गणेशमान मार्ग निर्माण थालनी भएको ५० औं वर्ष बितिसक्दा पनि पूर्णता नपाउँदा स्थानीयले यथोचित लाभ प्राप्त गर्न नसकेको तथा मकवानपुरको भीमफेदीबाट मानिसले मोटर बोकेर काठमाडौं ल्याउने ऐतिहासिक बाटो अहिलेसम्म निर्माणकार्य सम्पन्न नहुनु बिडम्बना भएको बागमती प्रदेशका सामाजिक विकास मन्त्री मोक्तानले भेटको क्रममा बताएको माओवादी नेता श्रेष्ठले जानकारी दिए ।

## मकवानपुरमा मनाइयो कुशे औंशी

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ मकवानपुरमा बिहीवार कुशे औंशीलाई बुबाको मुख हेर्ने दिनको रुपमा मनाइएको छ ।

प्रत्येक वर्ष भाद्रकृष्ण औँसीका दिन मनाइने कुशे औँसी पर्व बिहीवार मकवानपुरका वैदिक सनातन धर्मावलम्बीले पबित्र कुश घरमा भित्राएर मनाएका छन् । कुश भित्र्याएसँगै बुवाको मुख हेर्ने र स्वर्गीय भएका पितृको तिथि थाहा नभएमा श्राद्ध गरिने परम्परा छ ।

मुख्यतस ब्राम्हणहरुले तयार पारेको कुश जजमानको घरमा लगिनेछ भने जसलाई वर्षभरि देवकार्य तथा पितृकार्यमा प्रयोग गरिनेछ । धार्मिक र परम्परागत मान्यता अनुसार ब्राह्मणले ल्याएको कुश जजमानकहाँ पुऱ्याउन र त्यो कुश घरमा राख्नाले परिवारको कल्याण हुने धार्मिक विश्वास छ ।


बिहीवारका दिन उखेलिएको कुश वर्षभर प्रयोग गर्न सकिने र अरु दिन उखेलिएको कुश त्यसै दिन मात्र उपयोग गर्न सकिने भएकाले कुशे औंशीका दिन राखिने कुशको बिशेष मान्यता रहेको छ । सनातन धर्मावलम्बीले कुशलाई भगवान विष्णुको प्रतीक मान्दछन् । नुहाउँदा, जपस्नान गर्दा, दानगर्दा, पाठपूजा, पितृकार्यमा समेत प्रयोग हुने बहुपयोगी कुशलाई हिन्दू धर्मावलम्बिले महत्वकासाथ हेर्दछन् । वैदिक सनातन हिन्दू संस्कारमा कुश एउटा अत्यन्त महत्वपूर्ण सांस्कृतिक र धार्मिक भूमिका भएको पवित्र वनस्पति हो जसको वैज्ञानिक महत्व पनि प्रमाणित भइसकेको छ ।

नेपालको तराईदेखि पहाडसम्म सहजै पाइने वनस्पति कुशको जराबाट बिभिन्न प्रकारका औषधिहरु पनि बनाइन्छ । परापूर्वकालमा पाठशालामा अध्यनरत शिष्यहरुको परीक्षा लिने क्रममा कुशको धारीलो घाँसलाई खाली हातले काट्न लगाइन्थ्यो, यसो गर्दा कुशको धारले हात नकाटीकन जसले कुश भेला पार्न सक्छ उसलाई अव्बल मानिन्थ्यो ।

कुश वैदिक सनातन संस्कारको देवकर्म र पितृकर्म दुबैमा अनिवार्य वनस्पति हो । कुशे औंशीलाई बुवाको मुख हेर्ने औंशी पनि भनिन्छ । आमाको मुख हेर्ने दिनमा आमाको सम्झना गरियो, गुरुपूर्णिमामा गुरुको संझना गरियो भने भाद्र कृष्ण औंशीका दिन पिताको सम्मान, सम्झना अनि विशेष समर्पण गर्ने दिनको रुपमा मानिँदै आएको छ ।

# यामाहाको 'एफजेड-एस एफआई भी ३' मोटरसाइकल सार्वजनिक

साझाकुरा संवाददाता




हेटौंडा, २८ भदौ/ हेटौंडाका लागि यामाहा मोटरसाइकल तथा स्कुटरको आधिकारिक वितरक राज मोटर्सले एफजेड-एस एफआई भी ३ को नयाँ डिलक्स संस्करण सार्वजनिक गरेको छ । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले विहीबार मोटरसाइकल सार्वजनिक गरेका हुन् ।

मोटरसाइकल मेटालिक ग्रे र नेभी ब्लुको नयाँ रङमा उपलब्ध रहेको राज मोटर्सका सञ्चालक राजन श्रेष्ठले जानकारी दिए । नयाँ ब्याकलाइट डिजाइनले यस मोटर साइकलको सौन्दर्यमा आधुनिक र स्टाइलिस तत्व थपेको उनले बताए । एफजेड-एस एफआई भी ३ उत्कृष्ट ह्यान्डलिङ र मस्कुलर डिजाइनका लागि प्रतिष्ठित छ । फ्युल इन्जेक्सन १४९ सीसीसहित यामाहाको उत्कृष्ट टेक्नोलोजीमा निर्मित एफजेड-एस एफआई भर्सन ३ मा एयर-कुल्ड फोर-स्ट्रोक १४९ सीसी एसओएचसी, दुई-भल्भ, एकल-सिलिन्डर इन्धन-इन्जेक्टेड इन्जिन माउन्ट गरिएको छ ।

जुन रोकिएको अवस्थाबाट उच्च गतिमा जाँदाको अनुभूति र ओभरटेक गर्दाको रमाइलो अनुभूतिलाई थप रोमान्चक गर्न अद्यावधिक गरिएको छ । यसबाहेक यो मोटरसाइकल डुअल डिस्क ब्रेक र अगाडि एकल च्यानल एबीएसले सुसज्जित छ । यामाहा कम्पनीका एरिया सेल्स म्यानेजर मणिभुषण चौधरीले भने, 'एफजेड-एस एफआई भी ३ धेरै मोटरसाइकलप्रेमीहरुको मनमा बस्न सफल मोडेल हो । त्यसैले हामी यसको नयाँ रङ विकल्पहरु, नेभी ब्लू र मेटालिक ग्रे तथा राइडिङको अनुभव बढाउने रोमाञ्चक अपडेट सहितको नयाँ भेरियन्ट सार्वजनिक गर्न पाउँदा हर्षित छौं।'

'नयाँ डिलक्स संस्करणले यामाहाको स्पोटीनेस, स्टाइल र उत्साहका विशेषतालाई साँच्चै झल्काउनेछ । यामाहा एफजेड-एसले सधैँ आफ्नो दायरा फराकिलो पार्दै प्रदर्शन र शैलीको सन्दर्भमा उत्कृष्ट प्रदर्शन गर्ने गरेको छ', चौधरीले भने, 'हामी नेपाली बजारमा यी अपडेटहरु ल्याउन पाउँदा अत्यन्त खुसी छौँ । हाम्रा राइडरहरुले उत्कृष्ट देखिने मात्र नभई रमाइलो राइडिङको अनुभव पनि प्रदान गर्ने मोटरसाइकल प्राप्त गर्दै छन् ।'

यामाहा एफजेड सिरिजले नेपाली बजारमा २००८ देखि आफ्नो विरासत बनाइरहेको छ । एफजेड-एस एफआई भी ३ मोटर साइकलको मूल्य ४ लाख ४ हजार ९ सय रुपैयाँ रहेको राज मोटर्सका सञ्चालक राजन श्रेष्ठले जानकारी दिए ।

## मकवानपुरका माध्यमिक विद्यालयका प्रअ गोष्ठी सम्पन्न

साझाकुरा संवाददाता


हेटौंडा, २८ भदौ/नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको आयोजनामा सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक गोष्ठी सम्पन्न भएको छ ।

जिल्लाभरका संस्थागत तथा सामुदायिक गरी १ सय २६ विद्यालयका प्रधानाध्यापक सहभागी गोष्ठीले शैक्षिक संस्थामा रेडक्रसलाई अभियानको रुपमा संचालन गरी जुनियर/युवा सर्कल गठन तथा पुनर्गठन गर्ने, पालिकास्तरीय प्राथमिक उपचार तथा बिपद ब्यबस्थापन लगायतका विभिन्न तालिमहरु संचालन गर्ने, जिल्लास्तरीय शिक्षकनायक गोष्ठी तथा शिक्षक भलिवल प्रतियोगिता संचालन गर्ने निर्णय गरेको छ ।

त्यस्तै यही असोज ५ र ६ गते बालबोध मावि हेटौंडा-१७ हटियाको आतिथ्यतामा आयोजना हुने जिल्ला जुनियर/युवा रेडक्रस गोष्ठीमा जिल्लाका सबै शैक्षिक संस्थाले सक्रिय सहभागिता जनाउने लगायतका ६ वटा बिषयमा महत्वपूर्ण छलफल भइ निर्णय गरिएको नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाका उपमन्त्री शिबहरि दाहालले जानकारी दिए ।

रेडक्रस मकवानपुरका उपमन्त्री दाहालको अध्यक्षता तथा मकवानपुर शाखा सभापति लालबहादुर थापाको प्रमुख आतिथ्यता, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको बिशिस्ट आतिथ्यमा सम्पन्न कार्यक्रममा हेटौंडा उपमहानगर पालिका शिक्षा विकास महाशाखा निमित्तप्रमुख हरिश्चन्द्र सापकोटा, शिक्षा समन्वय इकाई अधिकृत उन्नति ढकाल, प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुबेदीलगायतले मन्तव्य ब्यक्त गरेका थिए । कार्यक्रममा नेरेसो बागमती प्रदेशका सदस्य एवं जिल्ला शाखाका उपसभापति खेमराज सापकोटा, मन्त्री सुमित्रा काफ्ले, जिल्ला कार्यसमितिको पदाधिकारी एवं सदस्यहरुको उपस्थिति थियो ।

## थाहा सौन्दर्य प्रतियोगिता फाइनल ३० गतेना




साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/थ्रि ब्रदर्श फोटोग्राफीको आयोजनामा भइरहेको मिस्टर एण्ड मिस थाहा सौन्दर्य प्रतियोगिताको फाइनलमा कलाकार सलोन बस्नेत सहित ५ जना निर्णायक आउने आयोजकले जनाएको छ ।

३० भदौमा पालुङ जेसीज हलमा हुने फाइलमा कलाकार बस्नेतसंगै थाहाका कोरियोग्राफर बिजयश्याम अमात्य, मोडल तथा कोरियोग्राफर एलिना गुरुङ, मोडल सेन्जल पौडेल, फेसन मेनिया ब्रान्ड एम्बेसडर सुस्मिता श्रेष्ठ निर्णायकको रुपमा रहने छन् । ऱ्याप गाएक सफल बिष्ट (विसफ) को सांगीतिक प्रस्तुती रहने आयोजकले जनाएको छ । आगामी ३० भदौमा हुने अन्तिम प्रतिष्पर्धामा मिस थाहातर्फ सिम्रन कार्की, निकिता गोपाली, अज्मी बम्जन, सम्झना तामाङ, बिस्मिता गोपाली, प्रिती गोले, रोइसा सुनुवार, रोजिना तामाङ, दिया तामाङ, मञ्जु तामाङ, अमृता कार्की, प्रिती कार्की र श्रीया कार्की भिड्दैछन् ।

त्यसैगरी मिस्टर थाहातर्फ सविन विश्वकर्मा, नवीन सुनार, पल्लब खत्री, विराज कार्की, ओजस खत्री, दिप्सन खत्री सहितको टोली मैदानमा छन् । थाहा नगर पालिकाको सहकार्य रहेको ट्यालेन्ट शोमा १० देखि २५ वर्ष उमेर समूहका व्यक्तिको सहभागीता छ । प्रतियोगिताको प्रथम अडिशन ९ भदौमा जेसीज हलमा सम्पन्न भएको थियो । प्रथम अडिशन सम्पन्न भएसँगै आयोजकले सहभागीलाई व्यक्तित्व तथा क्षमता विकास सम्बन्धी सीपमा सहभागी गराउँदै आएको छ । ३० भदौमा हुने सौन्दर्य प्रतियोगिताबाट मिस र मिस्टर दुबैतर्फ विनर, फस्ट रनर अप, सेकेण्ड रनर अप र ब्राण्ड एम्बेसेडर घोषणा गरिने आयोजकले जनाएको छ ।

## एकीकृत समाजवादीको केन्द्रीय सदस्यमा चेपाङ र लामा, मुनु इञ्चार्ज

साझाकुरा संवाददाता





हेटौंडा, २८ भदौ/नेकपा एकीकृत समाजवादीले २१ जनालाई केन्द्रीय सदस्य मनोनीत गरेको छ । गएको ५-७ भदौको केन्द्रीय कमिटी बैठकले केन्द्रीय सदस्य मनोनीत गरेको अन्तरपार्टी निर्देशनमा उल्लेख छ ।

अन्तरपार्टी निर्देशन अनुसार मकवानपुरबाट दुईजना केन्द्रीय सदस्यमा मनोनीत भएका छन् । मनोनित हुनेमा संविधानसभा सदस्य गोविन्दराम चेपाङ र हेटौंडाकी मेयर मीनाकुमारी लामा छन् । मेयर लामा यसअघि पार्टी जिल्ला उपाध्यक्ष थिइन् । एकीकृत समाजवादीले लामा र चेपाङसँगै अजयबहादुर मल्ल (बाजुरा), ओमचरण अमात्य (भक्तपुर), गौतम राई (काठमाडौं), चन्द्रा श्रेष्ठ (झापा), चिरञ्जीवी भट्टराई (सुनसरी), जयप्रकाश यादव (बारा) र दीपक केसी (काठमाडौं) लाई केन्द्रीय सदस्य मनोनीत गरेको छ ।

यस्तै धनबहादुर कार्की (रामेछाप), धर्म शाही (मुगु), नन्द बञ्जाडे (काठमाडौं), बरुनाथ योगी (दैलेख), बैकुण्ठ भुसाल (पर्वत), भक्तिमान सुब्बा (पाँचथर), रामप्रसाद ढुंगाना (काठमाडौं), लंक हमाल (कपिलवस्तु), शालिकराम भट्टराई (नवलपरासी पूर्व), शिवकुमारी खनाल (काठमाडौं), शैलेन्द्र उपाध्याय (रुपन्देही) र सुदेश पराजुली (काठमाडौं) छन् ।

यसैगरी, एकीकृत समाजवादीले पार्टी मकवानपुर जिल्ला इञ्चार्जमा पार्टी केन्द्रीय सदस्य तथा बागमती प्रदेशकी पूर्वसांसद मुनु सिग्देललाई जिम्मेवारी दिएको छ ।

सिग्देलले जिल्लासँगै प्रतिनिधिसभा क्षेत्र नम्बर १ को इञ्चार्जको जिम्मेवारीसमेत पाएकी छन् । मकवानपुरमा पार्टीका तीनजना सहइञ्चार्ज छन् । पार्टी केन्द्रीय सदस्य गोमा तिमिल्सिना मकवानपुर जिल्ला सहइञ्चार्ज तथा प्रतिनिधिसभा क्षेत्र नम्बर २ को इञ्चार्ज, केन्द्रीय सदस्यद्वय राजाराम स्याङ्तान र मीनाकुमारी लामाले पार्टी जिल्ला सहइञ्चार्जको जम्मेवारी पाएका छन् ।

## मकवानपुरमा छायाँकन गरिएको लोकदोहोरी गीत बजारमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ मनहरी गाउँपालिका वडा नं ५ मा छायाँकन भएको लोकदोहोरी गीत सार्बजनिक भएको छ । 'जुनको छाँयाले' नाम दिइएको लोकदोहोरी गीति एल्बम मनहरी गाउँपालिका वडा नं ५ बसन्तपुर घर भएका नवगायक सुजन परियारले सार्बजनिक गरेका हुन् ।

एल्बममा गायक परियार र गायिका बिमला सुनुवारको स्वर रहेको छ । गीतलाई चर्चित लोकदोहोरी गायिका टीका सानुको व्यक्तिगत युट्युब च्यानल 'टीका सानु' मार्फत् सार्बजनिक गरिएको हो । मिलन श्रेष्ठको निर्देशनमा तयार भएको 'जुनको छायाँले' बोलको गीत सम्पूर्ण रुपमा बसन्तपुर गाउँ, झोलुंगे पुललगायत स्थानमा छायाँकन गरिएको छ । कृष्ण राई 'बिन्दास' को शब्द रहेको गीतमा संगीत संयोजन कृष्ण लामिछानेले गरेका छन् ।

म्युजिक भिडियोमा नवगायक परियार आफैं शीर्ष भूमिकामा प्रस्तुत भएको देख्न पाइन्छ । उनीसँगै मोडल निहारिका थापा, पूजा बैजु र कृष्ण कार्कीको अभिनय रहेको छ । स्थानीय तहको निर्वाचनका बेला समेत चुनावी गीत गाएका परियारले विभिन्न माध्यमबाट सांगीतिक क्षेत्रमा योगदान गरिरहेको मनहरी गाउँपालिका-५ का वडाध्यक्ष दीपेन्द्र अधिकारीले बताए ।

'नवसर्जक र गायकहरुलाई हामीले प्रोत्साहन गरेका छौं', वडाध्यक्ष अधिकारीले भने-'गाउँ समाजका प्रतिभालाई समाजमा चिनाउन र हौसला प्रदान गर्न स्थानीय सरकारको तर्फबाट सहयोग हुनेछ ।' 'जूनको छायाँले' एल्बम सार्बजनिक गर्नुअघि परियारले 'कोशेली' 'पल्लो घरको झ्याल' बोलको गीत सार्बजनिक गरिसकेका छन् ।

## शनिबार रेडियो मकवानपुरको जागरुक महिला सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित हेटौंडाको पहिलो सामुदायिक रेडियो, रेडियो मकवानपुर १०१ दशमलव ३ मेगाहर्जले हिन्दु महिलाको महत्वपूर्ण पर्व हरितालिका तीजको अवसरमा यस वर्ष पनि दुईजनालाई जागरुक महिला सम्मान प्रदान गर्ने भएको छ ।

रेडियोले स्थापनाकालदेखि नै तीजको अवसरमा जागरुक महिला सम्मान कार्यक्रमको आयोजना गर्दै आएको छ । यही भदौ ३० गते शनिबार हेटौंडा-५ स्थित जयगणेश पार्टी प्यालेसमा लक्की ज्वेलर्ससँगको सहकार्यमा तीज विशेष कार्यक्रमको आयोजना गर्न लागिएको रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीले जानकारी दिए । विशेष सांस्कृतिक कार्यक्रमकाबीच दुई महिलालाई जनही नगद १० हजार रुपैयाँसहित सम्मान गरिनेछ ।

रेडियो मकवानपुरका संरक्षक नेपाली कांग्रेस केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाको प्रमुख आतिथ्यतामा हुने कार्यक्रमको तयारी पूरा भएको अध्यक्ष पराजुलीले बताए । रेडियोले स्थापनाकालदेखि नै तीजको अवसरमा दुईजना महिलालाई जागरुक महिला सम्मान र वार्षिकोत्सवको अवसरमा दुईजनालाई सामुदायिक सम्मान प्रदान गर्दै आएको छ । शनिबार हुने कार्यक्रमा उपस्थितिका लागि रेडियो मकवानपुरले सम्पूर्ण स्रोता, विज्ञापनदातालगायतलाई अनुरोध समेत गरेको छ ।

लक्की ज्वेलर्स हेटौंडाका सञ्चालक अनिकेत ठाकुरले गत वर्षहरुमा झैं यस वर्षपनि रेडियो मकवानपुरसँग सहकार्य गर्न पाएकोमा खुशी व्यक्त गरे । कार्यक्रममा सहभागी तीनजना महिलाले लक्की ज्वेलर्सको तर्फबाट लक्की ड्रमार्फत सुनचाँदीका गरगहना पाउनेछन् । उनले शनिबार बिहान ११ बजेबाट हुने कार्यक्रमका उपस्थितिका लागि सबैलाई अनुरोध समेत गरे ।

## हटिया स्पोटर्स क्लबलाई खेल सामाग्री वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/हेटौंडा उपमहानगरपालिका अन्तर्गत हटिया स्पोटर्स क्लबलाई जिल्ला खेलकुद विकास समिति मकवानपुरले खेलकुद सामाग्री सहयोग स्वरुप उपलब्ध गरएको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेष खड्गी, सदस्य आलोक स्याङ्तानसहितको टोलीले स्थलगत अनुगमन गरी क्लबलाई तीन थान भलिबल हस्तान्तरण गरिएको हो । क्लबका अध्यक्ष छवि सुवेदीलाई बल हस्तान्तरण गर्दै अध्यक्ष खड्गीले आगामी महिना हुने भलिबल प्रतियोगितामा प्रथम र द्वितीयलाई शिल्ड तथा आवश्यक खेल सामाग्री सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन् ।

## बागमती प्रदेशमा चार हजार युवालाई रोजगारी दिने कार्यक्रमको तयारी

हेटौंडा, २८ भदौ/ बागमती प्रदेश सरकारका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले चालु आर्थिक वर्षमा करिब चार हजार युवालाई रोजगारीका लागि कार्यक्रम गर्ने तयारी गरेको बताएकी छिन् । मन्त्रालयले युवालाई स्वदेशमा नै रोजगारीको सिर्जना गर्नका लागि १५ करोड बजेट छुट्याएर चालु आर्थिक वर्षमा काम गर्न लागिएको उनले बताएकी हुन् ।

प्रदेशका युवालाई पहिले आम्दानी हुने खालको सीप सिकाउने, त्यही सीप सिकेको काम गर्नका लागि बीउ पुँजी पनि दिएर रोजगारी सिर्जना गर्न लागिएको उनको भनाइ छ । प्रदेश अन्तर्गतका १३ वटै जिल्लाका युवालाई कार्यक्रममा समेट्न लागिएको उनले बताइन् । यस कार्यक्रमको कार्यविधि बनाउन लागिएको र कार्यविधि निर्माणपछि मन्त्रालय अन्तर्गतका कार्यालय, सिटिइभिटी लगायतका संस्थामार्फत कार्यान्वयन गराउने सरकारको तयारी छ ।

गत आर्थिक वर्षमा पनि सो कार्यक्रमका लागि प्रदेश सरकार ले बजेट छुट्याएको थियो। तर, काम भने हुन सकेको थिएन । पहिले श्रम, रोजगार तथा यातायात मन्त्रालयमा बजेट राखिएको भए पनि पछि फेरि सामाजिक विकास मन्त्रालयमा पठाइएको बजेट समय अभावका कारण काम गर्न नसकिएको बताइएको छ ।

## श्रीकृष्णआदर्श बोर्डिङको आयोजनामा तेक्वान्दो प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ श्रीकृष्णआदर्श ईङलिस बोर्डिङ स्कुलको आयोजनामा आज शुक्रबार बाट हेटौंडामा प्रथम अन्तर विद्यालय जुनियर तेक्वान्दो प्रतियोगिता हुने भएको छ ।

विद्यालयले बिहीबार पत्रकार सम्मेलनको आयोजना गरी भदौ २९ र ३० गते हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । पत्रकार सम्मेलनमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन केसीले राष्ट्रिय तेक्वान्दो संघको प्राविधिक सहयोगमा सञ्चालन हुने प्रतियोगितामा संस्थागत र सामूदायिक २० वटा विद्यालयका २ सय भन्दा बढी विद्यार्थीको सहभागिता रहने बताए ।

प्रतियोगिता विश्व तेक्वान्दो महासंघको नियम अनुसार खेलाईने साथै कालो पेटी प्राप्त गरेका खेलाडीलाई सहभागी नगराईने राष्ट्रिय तेक्वान्दो संघ मकवानपुरका अध्यक्ष मदन श्रेष्ठले बताए ।

## मकवानपुरमा डेंगू संक्रमितको संख्या साढे चारसय पुग्यो

हेटौंडा, २८ भदौ/ मकवानपुरमा गत साउन १ गतेदेखि हालसम्म डेंगू संक्रमितको संख्या ४५० पुगेको छ । जिल्लामा बिहीबार थप ५ जनामा डेंगू संक्रमण भएसँगै संक्रमितको कूल संख्या ४५० पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

## साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना

यस सहकारी संस्था लि. को निर्वाचन सहितको २३ औं बार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा आदरणीय शेयर सदस्यज्यूलाई एस.एम.एस. सामाजिक संजाल, एफ.एम रेडियोबाट जानकारी गरिसकेका छौं । यदि बिशेष कारणवश सूचना प्राप्त नगर्नुभएको भए यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थिति भईदिनु हुन शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मितिः- २०८० भाद्र ३० गते शनिवार
समयः- बिहान १०:०० बजे
स्थान :-रोयल पार्टी प्यालेस, हेटौंडा-४ मेनरोड

**नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौडा-२, मकवानपुर

## १५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस नवयुवा बचत तथा ऋण सहकारी संस्था लि. को १५ औं बार्षिक साधारणसभा तपसिलका मिति, समय र स्थानमा हुने भएको हुँदा शेयर सदस्यज्यूहरुलाई पत्रचार गरिसकेका छौं । यदि विशेष कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थिति भईदिनु हुन सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मितिः- २०८० भाद्र ३० गते शनिवार
समयः- बिहान ०९:०० बजे देखि २:३० बजे सम्म
स्थान :- श्री त्रिभुवन माध्यमिक विद्यालयको प्राङ्गण ।
(नोटः साधारण सभामा परिचय पत्रसहित स्वयम् उपस्थित हुने शेयर सदस्यज्यूहरुलाई रु. ५८८। (कर सहित) यातायात खर्च सदस्यको बचत खातामा उपलब्ध गराइनेछ ।)

अध्यक्ष : फूलमान श्रेष्ठ
**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौडा उपमहानगरपालिका-११, मकवानपुर
फोन नं. : ०५७-५२४७३४

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना